# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (एकचालिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति:- २०७७।०३।२६ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, संवत २०७७ साल असार २५ गते रातीदेखि परेको अविरल वर्षाका कारण लमजुङ, म्याग्दी, कास्कीलगायत देशका विभिन्न जिल्लाहरूमा भएको ठूलो धनजनको क्षतीप्रति सभा दुःख व्यक्त गर्दछ । साथै अविरल वर्षाका कारण भएको प्राकृतिक प्रकोप, बाढी पहिरोमा परी ज्यान गुमाउने हुने मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

माननीय सदस्यहरू, संवत् २०७७ साल असार २० गते माननीय विष्णुप्रसाद लामिछानेको उपचारको क्रममा शल्यक्रिया भएकोले प्रदेश सभा उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। माननीय सदस्यहरू, अब शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरूको लागि एक मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ–आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय श्री इन्द्रलाल सापकोटा, बागलुङ ।

**माननीय इन्द्रलाल सापकोटा**

सभामुख महोदय, अविरल वर्षाका कारण कालीगण्डकी नदीको वहाब बढेको छ जसका कारण प्रदेश सरकारद्वारा सञ्चालित वर्ष २०७५÷७६÷७६÷७७ द्वारा निर्माणाधिन कालीगण्डकी लिफ्टिङको मूल टयाङ्की पुरै बगाएको अवस्थामा छ । यसैगरी ताराखोला गाउँपालिका वडा नं. ४ नागबेली खोला बेलाशुर पट्टिपाखापानीमा १२ घर र वडा नं. ५ धसमरमा १३ घर पहिरोको कारण उच्च जोखिममा रहेको बुझिन आएको छ । यसैगरी मध्यपहाडी लोकमार्ग गलकोट नगरपालिका ११ मा पहिरोले अवरुद्ध बनेको स्थिति छ र गलकोट नगरपालिका १ दुधिलाभाटीको थलीघाट झोलुङगे पुल बगाएको अवस्थामा छ । र म यो शून्य समयमा प्रदेश सरकारको यी योजनाहरुमा ध्यान पुग्नका निम्ति विशेष ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्णबहादुर थापा, कास्की ।

**माननीय कृष्णबहादुर थापा**

मान्य सभामुख महोदय, पोखरा कास्कीमा पहिरोले गएको अविरल वर्षाको कारण धेरै हानी नोक्सानी भोगिएको छ । पोखरा १८, सराङ्कोट टोटल कास्कीमा ७ जनाको मृत्यु भएकोले ११ जना घाइते भएको तथ्याङ्कहरू आएको छ । पोखरा १८, सराङ्कोटको पठारिका चक्रबहादुर थापाको घर पहिरोमा परेको थियो । थापा सहित उनकी श्रीमती शोममाया थापा, दुई नाति र छिमेकी इसिका थापाको ज्यान गएको छ । पोखरा कास्कीका प्रहरीका प्रवक्ता सुवास हमालले जानकारी दिएका छन् । पोखरा २५ मा ४५ वर्षिय विवेक विकको मृत्यु । दुर्गाबहादुर सुनुवारको घर भत्किएर ज्यान गएको देखिएपछि पोखरा २५ हेमजामा रामचन्द्र अधिकारीको घर पहिरोमा पर्दा उनका आमा हिमकला अधिकारीको ज्यान गएको छ। पोखरा १७ छोरेपाटन सिमलटारी चन्द्रबहादुर मगरको घरमाथि खसेको पहिरोको कारण श्रीमती शान्ति र छोरा सुशान्त मगर घाइते अवस्थामा नमस्ते अस्पतालमा उपचारमा हुनुहुन्छ । पोखरा ५ मा दुई घाइते र रामघाटको सेती नदीमा पोखरा ४ फिर्के सुकुम्बासी बस्ने डुवानमा परेको छ पोखरा

३३ बागमारा डुबानमा परेको छ । चौवान्दीमा पहिरोले ५ भैंसी सहित पुरिएका छन् । पोखरा २१ फाक्सिङको सावित्री लामिछानेको घर पहिरोको कारण जोखिममा परेको छ । शिवालयमा फडिन्द्र पौडेलको घर कमल फोक्सिङ पहिरोको कारण घर जोखिममा छ । पोखरा १७ र २१ जोड्ने बाटो बिग्रेको छ । तसर्थ यो सम्पूर्ण क्षतिपूर्तिको सम्बन्धित निकायले समयमै ध्यान दिनुहुन हार्दिक अनुरोध गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

माननीय बिन्दुकुमार थापा, कास्की ।

**माननीय बिन्दुकुमार थापा**

सभामुख महोदय, आज राति गएको अविरल वर्षाको कारण पोखरा १८ कोठादी सराङ्कोटमा ५ जना व्यक्तिहरू एकै परिवारको ३ जना र १ छिमेकीलगायत ५ जनाको मृत्यु भएको छ । त्यसैगरेर पोखरा २६, बराल डाँडामा १ जना पोखरा २५ हेमजामा १ जनाको मृत्यु भएको छ, र यो मृतकहरू प्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु, र ६ जना घाइते मध्ये दुई जना साधरण उपचार पछि फर्किनु भा'को छ भने ४ जना मणिपाल हस्पतालमा उपचाररत हुनुहुन्छ । उहाँहरूको म शिघ्र स्वास्थ लाभको म कामना गर्न चाहन्छु । विशेष गरेर यो पूर्वाधार विकास उहाँको सराङकोटको कुरा गर्नु पर्दाखेरी यो सराङकोटको जो ५ जना व्यक्ति मृत्यु हुनुभयो त्यसको डेढसय दुईसय मिटर माथि सडक खन्ने क्रममा त्यहाबाट पहिरो गएको छ यो असारे विकास र विशेष गरेर विना प्लानको सडक खन्ने क्रमले गर्दा खेरी यो यत्रो ठूलो धनजनको क्षति भएको छ, यसतर्फ म प्रदेश सरकारको सभामुख मार्फत ध्यान आकृष्ट गर्न चाहन्छु । मृतकको क्षतिपूर्ति र घाइतेहरूलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्दिनुहुनको लागि म माननीय सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चहान्छु, र त्यस्तै गरेर माननीय सदस्य समय सिद्धियो । धन्यवाद!

**माननीय सभामुख**

माननीय सदस्य श्री राजीव पहारी, कास्की ।

**माननीय राजीव पहारी**

माननीय सभामुख महोदय, पोखरा प्राकृतिक रूपमा अत्यन्त सुन्दर छ तर पोखराका मुख्य सडकहरूमा खाल्टा खुल्टीहरूको कारणले क्रमश कुरूप हुँदै गएको छ । पोखराको क्याम्पिङ चोक देखि सभागृह चोकसम्म सम्मो बाटो नै देख्न पाइदैन । अर्को खाने पानीको पाइप केही समय अगाडि विच्छ्याउनको लागि पाइप नाला खनियो पाइप विच्छ्याएपछि राम्रोसँग पुरिएन । अहिले यो प्रदेश सभा अगाडिको सभागृहचोक अगाडि नै गिटी बालुको थुप्रोले त्यहाँ यातायातलाई अवरुद्ध बनाउने काम पनि गरेको छ । प्रदेश सरकारले महानगर पालिका र अन्य सम्बन्धित निकायहरूसित समन्वय गरेर पोखराका बाटाघाटाहरूका खाल्टाखुल्टी पुर्नको निम्ति भूमिका खेलोस् भन्ने अनुमति गर्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरू सुन्ने समयमा बोल्ने माननीय सदस्यहरूको समय यही समाप्त हुन्छ । माननीय सदस्यहरू अब विशेष समय प्रारम्भ हुन्छ ! निर्धारित समयभित्र माननीय सदस्यहरूले आ–आफ्नो स्थानबाट आ–आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री मायानाथ अधिकारी, समय ५ मिनेट ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, हिजोराति परेको अविरल वर्षाले लमजुङ जिल्लाको विभिन्न ठाउँमा धनजनको क्षति पु¥याएको छ । त्यसमध्ये बेशीसहर नगरपालिका वडा नं. ७ मा साविक वेशीसहर १० बाट त्यहाँ बसोबास गर्न आउनु भएका बेसीसहर ७ मा बसिरहनु भएका दीपक तामाङ २०–३२ वर्ष अन्दाजी ३०–३२ वर्षका दीपक तामाङ श्रीमती विमाकुमारी तामाङ अन्दाजी २५–२६ वर्षका उहाँका छोरा छेवाङ तामाङ अन्दाजी ८–९ वर्षका उहाँहरू ३ जनाको पहिरोले घर पुरिएर निधन भएको छ, र त्यही घटनामा

परेर ३ जना घाइते हुनु भएको छ । उहाँहरूको सामुदायिक अस्पताल बेसीशहरमा उपचार भैरहेको कुरा म जानकारी गराउन चाहन्छु ।

यस्तै बेसीसहर ६ चण्डीस्थानमा पनि चनौटे भन्ने ठाउँमा मिना आलेको घर क्षतिग्रस्त भएर बस्न नहुने भएको छ । उहाँ अहिले नजिकैको आमा समूहको घरमा बसिरहनु भएको छ । यस्तै महनबहादुर परियारको घर पनि क्षतिग्रस्त भएको छ । उहाँको घर पनि बस्न सक्ने अवस्थामा छैन । त्यस्तै महेन्द्र भण्डारीको घर पनि एउटा खतरा÷जोखिमयुक्त छ । उहाँको घर पनि बस्न सकिने अवस्था छैन । घर पहिरोले भत्काएको छैन तर पीढिको डिलदेखि आँगन पूरै पहिरोले लगेको हुँनाले त्यहाँ बस्न सक्ने अवस्थामा छैन । यस्तै मस्र्याङ्दी गाउँपालिका वडा नं. २ भाजेमा १५ घर गाउँबाट तल पहिरो गएको हुनाले त्यो जोखिममा रहेको कुरा जानकारी भएको छ। यस्तै डुम्रे बेसीसहर चामे मोटरबाटो ठाउँठाउँमा पहिरो गई क्षतिग्रस्त भएर सडक अवरुद्ध भएको छ । यो कुराको निम्ति सम्बन्धित सभामुख मार्फत सम्बन्धित निकायकोमा ध्यान आकर्षण गराउन चाहन्छु । बाटो खुलाउनको निम्ति, मृतकहरूलाई राहतको निम्ति र घाइतेहरूको शिघ्र उपचारको निम्ति म माग गर्न चाहन्छु, जो निधन हुनुभयो उहाँहरू प्रति मेरो तर्फबाट, मेरो पार्टी नेपाल कम्युनिष्ट पार्टी नेकपा गण्डकी प्रदेश संसदीय दलको तर्फबाट म हार्दिक श्रद्धाञ्जली दिन चाहन्छु । घाइतेहरूको शिघ्र उपचारको कामना गर्दछु ।

यस्तै यही सन्दर्भमा कास्की र म्याग्दीलगायत विभिन्न ठाउँहरू र सिन्दुपाल्चोकको बाह्रविसे लगायत देशका विभिन्न ठाउँमा भएको धनजनको क्षतिप्रति म दुःख व्यक्त गर्न चाहन्छु । मेरो दलको तर्फबाट दुःख व्यक्त गर्न चाहन्छु र सबै निधन भएकाहरू प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । घाइतेहरूप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र सम्बन्धित निकाय सरकार प्रदेश सरकारले ती सबैप्रति उचित क्षतिपूर्ति र उपचारको व्यवस्था गरोस् भन्ने माग गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री ओमकला गौतम, समय ५ मिनेट ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, एकातिर मुलुक कोरोनाको कहरबाट आक्रान्त भएको बेला फेरि मुलुकभर अविरल वर्षाको कारण ठूलो धनजनको क्षति भएको छ । मुलुकवासीले फेरि अर्को विपत्ति सँग लडिरहनु परेको छ । यस्तो विशम् परिस्थितिमा जनताको आवाज उठाउने र शून्य थलो र स्थान, प्रतिनिधि सभा र राष्ट्रिय सभामा माननीय सभामुख ज्यू र अध्यक्षज्यूलाई समेत जानकारी विनानै एकाएक सदन बन्न गएको दुखद कुरो हो । आफ्नो घरको झगडाका कारण घरको झगडा छिमेकीले सुन्छन् भनी सडकमै काँडे तार लगाई आवाज बन्द गर्नु र बाटो बन्द गर्नु लज्जास्पद विषय हो । यसप्रति म र मेरो दल दुःख व्यक्त गर्न चाहन्छु।

यसले गर्दा संसदीय परम्पराको नै यो खिल्ली छ । यसप्रति म खेद प्रकट गर्न चाहन्छु । माननीय सभामुख महोदय, हालै भएको विषम वर्षका कारण देशैभरी ठूलो धनजनको क्षति भएको छ । सिन्धुपाल्चोक लगायत हाम्रो गण्डकी प्रदेशका विभिन्न जिल्लामा गएको पहिरो र बाढीका कारण कास्कीको हेम्जा, सराङकोट, म्याग्दी, लमजुङलगायतका ठाउँठाउँमा ठूलो धनजनको क्षति पुगेको छ । लमजुङमा मात्रै पनि तीन जना एकैघरको परिवार पुरिएर मृत्यु भएको खबर आएको छ र म्याग्दीमा दर्दनाक स्थिति छ ।

३२ जनाको मृत्य भइसकेको छ । र एउटा म्याग्दी र मुस्ताङसम्म आवतजावत गर्ने पुलसमेत बगाएको छ । ठूलो धनजनको क्षती पुगेको छ, माननीय सभामुख महोदय । यस्तो विषम् परिस्थितिमा आज यो परिस्थिति निम्त्याउन नचाहँदा–नचाहँदै निम्तिएको परिस्थिति अझै ठूलो वर्षा भएको छ । देशका विभिन्न ठाउँमा भएको धनजनको क्षतीप्रति म र मेरो दल दुःख व्यक्त गर्न चाहन्छ ।

माननीय सभामुख महोदय, विभिन्न स्थानमा भएको मानवीय क्षति र ज्यान गुमाउने सम्पूर्ण दिदीबहिनी, दाजुभाइप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु एवं सम्पूर्णका

परिवारप्रति समवेदना प्रकट गर्दै सम्पूर्ण स्थानमा घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै विभिन्न स्थानमा भएको जनधनको क्षतिप्रति गहिरो दुःख प्रकट गर्न चाहन्छु । लगातारको वर्षाका कारण पुन हुन सक्ने जोखिमको सम्भावनालाई मध्यनजर गरी सम्पूर्ण निकायलाई सतर्कता अपनाउन अनुरोध गर्न चाहन्छु सरकारबाट यस दुःखत् घडीमा तत्काल उद्धार, उपचार क्षतिपूर्ति बसोबास र राहतको समेत अभिलम्बन व्यवस्था मिलाइदिनुहुन म सरकारसँग जोडदार माग गर्न चाहन्छु।

सभामुख महोदय, एकातिर मुलुकमा कोरोनाको कहरले गर्दा आज पिसिआर त्यस्तो दायरा बढाउ क्वारेन्टाइन्न व्यवस्थित गर भन्दाभन्दै पनि अत्यन्तै दिनदिन प्रतिदिन बढ्दै गएको छ । हिजोको विषम परिस्थिति नआउँदा नआउँदै पनि दुई चार जना देखिदा सरकारले पनि लकडाउनलाई कडा गर्ने र तत्काल साच्चिकै जनता र दुखिको दैलोमा सरकार पुग्छकी भनि राहत पनि पठाइदिने र अहिले जुन दिनप्रतिदिन कोरोना संक्रमित बढ्दै जाने र त्यसपछि त्यो उपचार पद्धति घढ्दै जाने जस्तो कोरोनाहरूको स्थिति बढ्दै गएको छ ।

उपचार पद्धतिमा सरकार गम्भिर नदेखिएको अवस्था छ, त्यतिमात्र होइन जतिबेला पहिला दिएको राहत अलिअलि दुईचार दिनलाई बाह्र पन्ध्र दिनलाई खान सक्ने जोजो गरेका थिए त्यो बेलामा राहत वितरण गर्‍यो सभामुख महोदय, अहिले आएर चार महिना पुगिसक्दा फेरि राहतको व्यवस्था छैन ।

हिजो कोरोना संक्रमण कम हुँदै गर्दा लकडाउनलाई कडा गर्ने अहिले संक्रमित दिनप्रतिदिन बढ्दै जाँदा लकडाउनलाई फेरि खुकुलो गरिएको छ त्यसमा उद्योगी, व्यापारी, व्यवसाय मारमा परेका छन् र उनीहरूले अब बैंकको ऋणको ताकेताले गर्दा आत्महत्या गर्ने समेत परिस्थिति आएको छ । यस्तो बेलामा सरकारले राहतको व्यवस्था गरेको पनि छैन । बैंकले ताकेता गरेको अवस्था छ । यस्तो विषम परिस्थितिमा आज संघीय सरकार एकाएक रहेको विधेयकलाई समेत महत्वपूर्ण नागरिकता विधेयक थिए अरु महत्वपूर्ण विधेयक थिए त्यसलाई पनि पास नगरि आफ्नो कुर्सी जोगाउनलाई बन्द गरिनु र प्रदेश सरकारले पनि ठोस रूपमा प्याकेज जनतालाई

दिने राहत नल्याइदिने यो दुःखदायी कुरो हो र यसमा मैले प्रदेश सरकारलाई ध्यान आकर्षण गराउन चाहन्छु किनकि सरकार भनेको एउटा अभिभावक हो । जनताको जीवनको रक्षा गर्ने पनि सरकारको दायित्व हो ।

जनताको दुःख र सुखमा साथ दिनु पर्ने जिम्मेवारी पनि सरकारको हो । यो भन्दै हामी प्रतिपक्ष हात बाँधेर बसेका छैनौं हामीले धेरै पटक सरकारलाई किनभने डाडु पनियो हातमा लिएर बसेको सरकारलाई धेरै पटक धेरै बुँदाहरूमा सुझाव दिएका पनि थियौं । हामीले धेरै कुराहरू बुँदागत रूपमा दिँदा पनि हाम्रा कुराहरूलाई व्यवस्था गरियो । महिला हिंसाका घटनाहरू पनि त्यतिकै घटेका छन् । फेरि भनिएला हाम्रो प्रदेश को हो र ? भनिएला मैले फेरि लमजुङ, कास्की र म्याग्दीको कुरा उठाउँदै गर्दा तेरो जिल्ला को हो र ? भन्ने कुरा विद्वान माननीज्यूहरूबाट कुरा उठ्ला जहाँका जनता रोए पनि हाम्रो मन दुख्छ जहाँका जनता खान नपाए पनि हाम्रो मन दुख्छ र दुख्नुपर्छ ।

सबै नेपालीको साझा सवाल हुनुपर्छ महोदय, भन्ने कुरा गम्भीरता पूर्वक लिएकी छु । त्यसैले यी आदि इत्यादी समस्याहरूलाई हामीले सोचेर काम गर्नुपर्छ भन्ने मेरो भनाइ राख्दै अब म विदा हुने अनुमति चाहन्छु, धन्यवाद ! जय नेपाल !!

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापा समय ५ मिनेट । त्यसपछि माननीय सदस्य धनमाया पोखरेल लामा ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, दुई दिन अगाडि एउटा कारुणिक अवस्थाको चित्रण गर्दै एउटा समाचार प्रकाशन भएको थियो । त्यो के थियो भन्दा सार्वजनिक यातायात जुन भाडामा चलाउनु हुन्छ उहाँहरूले बैंकको किस्ता तिर्न नसकेर बैंकलाई आफ्नो

तालाचाबी हस्तान्तरण गर्नुभयो आफ्नो तालाचाबी बैंकलाई दिनुभयो भन्ने खालको खबर हामीले त्यो कारुणिक खबर सुन्यौं । त्यसको लगत्तै हिजो मात्रै मन्त्रीपरिषद्को निर्णयले संघीय सरकारको मन्त्रिपरिषद्को निर्णयले एउटा निर्णय ग¥यो छोटो दुरीको यातायात सञ्चालन गर्न दिने खालको निर्णय ग¥यो । जसमा चारओटा कुराहरू यथेष्ट रूपमा आए । ती के थिए भन्दा ५० प्रतिशतसम्म भाडा बृद्धि गर्ने, कोरोना पिसिआर टेष्ट नगर्ने, कोरोना विमा नगर्ने र ट्रफिक व्यवस्थापन पनि नगर्ने यस्तो अवस्थामा पनि सार्वजनिक यातायात चलाउने दिने जुन प्रकारको मन्त्रीपरिषद्को निर्णय भयो यो सरासर जनताको हित विपरित भएको छ । जनभावनाको विपरित भएको छ ।

त्यसकारण गर्दाखेरी यो विषयलाई सच्याउनका निम्ति यहाँबाट मैले प्रदेश सरकार मार्फत, सभामुख मार्फत केन्द्र सरकारको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । यी सरकारले यी र यस्ता गम्भीर विषयमा ध्यानै नदिई उक्त विषयमा निर्णय गर्दा यसले जनभावनालाई यथेष्ट सम्बोधन गर्न नसकेको स्पष्ट रहेको छ । मुख्य कुरा त ५० प्रतिशत भाडा बृद्धिको कुरा छ । उक्त विषय नै गलत रहेको छ । अहिलेको परिवेशमा यो निर्णय जनताको चाहना विपरित रहेको छ । त्यसकारण उक्त विषय सच्याउनका निमित्त प्रदेश सरकार मार्फत केन्द्रीय सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । यो विषयमा पुनर विचार गरियोस् ।

त्यसैगरी यातायात क्षेत्रमा काम गर्ने मजदुरहरूको कोरोना टेष्ट गर्ने तथा कोरोना विमा गर्ने सन्दर्भमा कुनै पनि प्रकारको काम भएको छैन । त्यसकारण लाखौं मानिसहरू यसको प्रत्यक्ष प्रभावमा पर्ने देखिन्छ । त्यसकारणले गर्दा यातायात, मजदुरहरूलाई पिसिआर टेष्ट गर्ने र कोरोना विमा गर्ने गरेर मात्रै यातायात सञ्चालन गर्न दिने वातावरण मिलाउन सम्बन्धित निकायलाई विशेष माग गर्न चाहन्छु, र ट्राफिक व्यवस्थापनलाई पनि व्यवस्था गर्नका निम्ति मैले माग गर्न चाहन्छु र यो लगातार रूपमा परेको अविरल वर्षाका कारण हाम्रो प्रदेशमा अत्यन्तै ठूलो धनजनको क्षति भएको छ । अझै धेरै जना मानिसहरू पहिरोमा वेपत्ता भएको खबर छ त्यसकारण यस्तो दुःखदायी, पीडादायी संकटमा सरकारले यथाशक्य चाँडो राहत तथा उद्धारका लागि पहल अगाडि बढाउनका

निम्ति सरकार मार्फत मैले माग गर्न चाहन्छु । र यो यसै विचमा मृतकहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँहरू घाइते प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै यी घाइतेहरूलाई उपचारका लागि प्रदेश सरकारले निःशुल्क उपचार गर्नका निम्ति पनि मैले जोडदार माग गर्न चाहन्छु, धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया पोखरेल लामा । त्यसपछि माननीय सदस्य श्री रामजी बराल ।

**माननीय धनमाया पोखरेल लामा**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारले विशेष महत्वका साथ लिएको र हाम्रो गण्डकी प्रदेशको माननीयज्यूहरूले सर्वाधिक रुचाएको कार्यक्रम जुन निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम छ त्यो कार्यक्रमको म विगत देखि नै र अहिले पनि विपक्षमा रहेको जानकारी गराउँदै र मुख्य मन्त्री कार्यलयले जुन हामीलाई यो कार्यक्रमको अनुगमनको भूमिका प्रदान गर्नु भएको छ र खास गरी यस कार्यक्रमको अनुगमन गर्ने जिम्मा पाइरहदा म मुख्यमन्त्री कार्यलयलाई विशेष गरी धन्यवाद दिन चाहन्छु ।

यो धन्यवाद के मानेमा भने हामीले जुन कार्यक्रम छनोट गर्दा त्यो कार्यविधिमा के भनिएको छ भने जसको मत हाल्ने अधिकार जुन ठाउँमा छ वा सम्बन्धित ठाउँमा छ त्यही कार्यक्रम छनोट गर्न पाउने र जुन कार्यक्रमको अनुगमन संयोजन गर्ने जिम्मा अन्य क्षेत्रमा तोकिदिनु भएको छ । यो मलाई के लाग्छ भने विना तालाचाबीको जुन घरमालिक बनाउने जिम्मा हामीलाई विशेषगरी मुख्यमन्त्री कार्यलयले दिएको छ । यसमानेमा म मुख्यमन्त्री कार्यलयलाई धन्यवाद दिन चाहन्छु । म यो कार्यक्रमको विपक्षमा छु भनिरहदा यो मेरो जिम्मेवारी बहन गर्ने क्रममा फिल्डमा रहेर केही निर्वाचन क्षेत्र अन्तर्गतको कार्यक्रममा रहेर केही समस्या र चुनौतीहरू जुन मैले यो फिल्डमा देखे त्यस विषयलाई मैले प्रदेश सरकारलाई आगामी दिनमा यो प्रदेश सरकारले राखिसकेको छ र आगामी दिनमा यसलाई करेक्सन गर्नको निमित्त मेरो

भनाइहरू केही फिडब्याकको रूपमा प्रयोग होस् भन्ने मैले यो कुरा राख्न गई रहेकी छु ।

जुन हामीले निर्वाचन क्षेत्र कार्यक्रम ल्यायौं र यसलाई सिँचाइ कार्यक्रममा कार्यान्वयन मातहतको रूपमा कार्यन्वयन हुने जुन कार्यलयले कार्यविधि बनायो त्यो त अव्यवहारिक भयो भन्ने मेरो ठम्याई छ र जुन कार्यक्रमहरूको तयारी एकदमै ढिलो गरी विशेष गरी हाम्रो गण्डकी प्रदेशले जुन मन्त्रालयलाई यो कार्यक्रमको जिम्मा दिएको थियो यो एकदमै ढिलो गरी गयो र व्यवहारिक जीवनमा थुप्रै खालका समस्याहरू आयो भन्ने मलाई लाग्छ र प्राविधिकहरू पनि करारमा राख्ने भनिएको छ यसले समस्या फिल्डमा धेरै ठूलो समस्या ल्याएको मैले देखें र हाम्रो जुन निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम एकदमै राम्रो छ एकदमै प्रभावकारी छ जनमुखी छ भनी रहदा प्रदेश सरकारले जुन स्टिमेट विना नै कार्यक्रमहरू भई रहेको अहिले कतिपय कामहरू सम्भव भइ सक्दा पनि भुक्तानी नदिएको अवस्थामा उपभोक्ता समिति एकदमै मारमा परिरहेको अवस्थामा फोटोको आधारमा काम शुरु गर्ने र काम फोटोकै आधारमा हामीले भोक्तानी दिने यो कस्तो खालको सुशासन र दीगो विकास हो ?

हाम्रो दीगो विकासको लक्ष्य पूरा गर्न यसले कस्तो खालको भूमिका निर्वाह गर्न सक्छ भन्ने कुरा म प्रदेश सरकार र र सम्बन्धित मन्त्रालयलाई विशेष ध्यान आकर्षण गराउन चाहन्छु कार्यक्रमको कार्यन्वयनको अधिकार मलाई लाग्छ यो स्थानीय तहलाई दिनुपर्छ । किनभने निर्वाण भई रहदा स्थानीय सरकारले डाइरेक्ट रूपमा ल्याइदियो हामीलाई कुनै सरोकार छैन भनिरहँदा मलाई चाहिँ स्थानीय तहलाई दिंदा अझ बेटर हुन्छ भन्ने लाग्छ र यदी हामी प्रदेश सरकारबाट गर्ने हो भने पनि प्रदेश सरकारले नै हाम्रो कामको कार्यान्वयन गर्ने हो भने पनि हाम्रो प्रदेश अन्तर्गत रहेर थप कार्यालयहरु रहेका छन्, जुन पूर्वाधारको कार्यक्रम पूर्वाधार कार्यालय सिँचाइको कार्यक्रम सिँचाइलाई र भवनको भवनलाई र खानेपानीको खानेपानीलाई र यसरी लैजादा अझ उपयुक्त हुन्छ होला र अझ यो कार्यक्रम जनमुखी बन्छ होला भन्ने मलाई लाग्छ । नत्रभने यो काम बालुवामा पानी राखे सरह हो र जति भाषण गरेपनि यो कार्यक्रमको वास्तविकता हेर्ने

हो भने त्यही रहेको छ, म त यो कार्यक्रमको विपक्षमै रहेको कुरा फेरिपनि जानकारी गराउँदै आगामी दिनमा यो कार्यक्रमको कुराहरू मिलाउन सक्यो भने प्रदेश सरकारले र आम जनताले यसको लाभ लिन सकिन्छ होला भन्ने मेरो सुझाव राख्दै विदा हुन्छु हस् त धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री रामजी बराल । त्यसपछि माननीय सदस्य श्री मनकुमारी गुरुङ।

**माननीय रामजी बराल**

माननीय सभामुख महोदय, लगातार अविरल वर्षाका कारण २५ गते राति विभिन्न ठाउँमा ठूलो धनजनको क्षति भएको छ । यसै शिलशिलामा पोखरा महानगरपालिका वडा नं. १८ कोठादी भन्ने ठाउँमा पहिरो जाँदा खेरी पाँच जना नागरिकको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन् । त्यसैगरी हेमजामा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेको नामावली यस प्रकार रहेको छ ः पोखरा १८ सराङकोट स्थित कोठादीका ५० वर्षिय टंकबहादुर थापा मगर टंकको श्रीमती ४७ वर्षिय सोममाया थापा मगर, पोखरा १८ सराङकोटस्थित कोठादीका स्थानीय नौ वर्षिया इलिका थापा मगर पोखरा १८ सराङकोट स्थित कोठादीका स्थानीय ६ वर्षिय शोहन थापा मगर, टंकको घरमा बर्थ डे मनाउन पाहुना हुन आएका ८ वर्षिय सिद्ध श्रेष्ठ त्यसै गरी हेमजाको झिझिल्का भन्ने ठाउँ जो पोखराको वडा नं. २५ पर्दछ त्यहाँ ७० वर्षिया हिमकली अधिकारीको मृत्यु भएको छ । त्यसैगरी घाइते हुनेहरू स्थानीय २८ वर्षिय सस्वती थापा मगर जो सराङकोटकै कोठादीको हुनुहुन्छ त्यसैगरी १९ वर्षिया अनिष्ठा तामाङ त्यसैगरेर स्थानीय १९ वर्षिय रसिम थापा मगर त्यसैगरी स्थानीय ५ वर्षिय प्रिसा थापा मगर, त्यसैगरी स्थानीय १८ वर्षिय आशा थापा मगर स्थानिय पिङ्की थापा मगर स्थानीय साधन थापा मगर बड्डे मनाउन टंकको घरमा आएका पाहुना सन्देश श्रेष्ठ १० वर्षको भन्ने रिपोर्ट प्राप्त भएको छ । टंकबहादुर थापाको जन्म दिन मनाउने दिन पनि रहेछ त्यसै भएको हिसाबले त्यहाँ मान्छेहरू आएको भन्ने बुझिन्छ ।

यस सन्दर्भमा म मृतकप्रति हृदय देखि नै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र घाइतेहरूप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सभामुख मार्फत सरकारसँग अविलम्बन मृतकहरू र घाइतेहरूको सन्दर्भमा उचित हिसाबले व्यवस्थापन गर्नका निम्ति पनि हार्दिक अपिल गर्न चाहन्छु । त्यसैगरी हेमजाकै झिझिल्का भन्ने ठाउँमा ४ घर विस्तापित भएका छन् भने तीनवटा बाख्रा पनि मरेका छन् । त्यसैगरी सराङकोटको सन्दर्भमा विजुलीबत्ति पूरै कट भएका छ, त्यति मात्रै होइन सराङकोटमा पहिरो जाँदै गर्दा खेरी आवातजावातमा निकै कठीनाइ भएको कुरा छ। बाटाहरू छेदविछेद भएका छन् । खास गरेर यो रिटेन्डेड वालमा जसरी पानी ठेलिन पुग्यो पानी ठेलिन पुग्दाखेरी यति ठूलो क्षति भएको कुरा पनि म यहाँ अवगत गराउन चाहन्छु त्यसैगरी पोखरा १९ लामाचौर, बेसिचोक घार्मी जाने बाटो छेदविछेद भएको छ । चुरुङ्गामा एक घर विस्थापित भएको छ ।

तल्लाकोट डाँडा गाउँ नेर एक गोठ पूरै ध्वस्त भएको छ जसका कारण एक भैंसी घाइते भएको छ, एक गोरु मृत्यु भएको छ÷मरेको छ, एक पाडा पनि मरेको छ पूरै गोठ छेदविछेद भएको कुरा पनि यहाँ अवगत गराउन चाहन्छु । पोखरा २५ हेमजा कालिका चोकको बस्तीमा बाढीले खतरा असाध्यै बढाएको छ । तपाईं बस्ती संरक्षणका लागि तुरुन्त आधारभूत सामाग्रीको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । त्यहाँबाट ठूलो माग पनि आइराखेको छ । क्षति पु¥याएको छ, अविलम्बन तारजालीको व्यवस्था गरियोस् भन्ने कुरा पनि त्यहाँबाट आइरहेको छ । पोखरा वडा नं. २ मिरुवामा सीता सुवेदीको घर पूर्ण रूपमा जोखिममा परेको छ भने नजिकैका दुई तीन वटा घर पनि जोखिममा परेको कुरा आएको छ ।

त्यसैगरी पोखरा वडा नं. १ कसेर शान्ति टोलको बस्तीलाई सेती नदीको कटानले असाध्यै जोखिम बढाएको छ । त्यहाँ पनि तारजाली व्यवस्था गरियोस् भन्ने कुरा अवगत गराउन चाहन्छु । त्यसैगरी माछापुच्छ्रे गाउँ पालिका वडा नं. ५ पार्टीखोला र पाखेखोलामा उर्लेको बाढीको भेलले बस्तीलाई पूरै खतरा बनाएको कुरा आइरहेको छ । त्यति मात्र धानखेत पूरै बगरमा परिणत भएको कुरा आएको छ । किसानहरू

असाध्यै चिन्तित र विछिप्त भएको अवस्था पनि छ । कुरा छ । त्यसैगरी वडा नं. माछापुच्छ्रे गाउँपालिका ओख्लेमा पहिरोले धान खेत गरी ६/७ रोपनी पूरै बगर परिणत गरेको कुरा पनि आईराखेको छ ।

यो सन्दर्भमा जसरी बाढिले क्षति पु¥याएको छ, त्यो क्षतिको उचित हिसाबले अनुगमन अवलोकन गरी उचित ढङ्गले त्यसको व्यवस्थापन सम्बोधन गर्नका निम्ति सभामुख मार्फत म सरकारसँग अनुरोध गर्दै फेरि एक चोटी जुन असाध्यै ठूलो क्षति हुन पुग्यो, जसको क्षति भएको छ । फेरि एकचोटी म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना सँगसँगै निःशुल्क उपचारको व्यवस्था गरिदिनुका निम्ति सरकारसँग हार्दिक अनुरोध गर्दै मेरा भनाई अन्त्य गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री मनकुमारी गुरुङ समय ४ मिनेट । त्यसपछि माननीय सदस्य श्री विनोद के.सी ।

**माननीय मनकुमारी गुरुङ**

माननीय सभामुख महोदय, यो मुलुक कोराना भाइरसबाट आक्रान्त भइ रहेको बेलामा फेरि अर्को प्राकृतिक विपत्तिसँग जुद्दु परेको छ । सभामुख महोदय, दुई चारदिन यता परेको अविरल वर्षाका कारण देशैभर ठूलो धनजनको क्षति भएको छ । गण्डकी प्रदेश पनि यो प्राकृतिक विपत्तिबाट अछुतो रहेन गण्डकी प्रदेशमा ठूलो धनजनको क्षति भएको छ । कास्कीमा सात जनाको मृत्यु भइसकेको छ । लमजुङमा तीन जनाको मृत्यु भईसकेको छ र म्याग्दीमा ३२ जना बेपत्ता भइसकेका छन् । मृत्यु भएका व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सभामुख महोदय, यो प्रदेशमा भएको मानवीय क्षतिपूर्ति सरकारले तत्काल दिने निर्णय गरियोस् र घाइतेहरूलाई राम्रो उपचारको व्यवस्था गरियोस् र परिवारलाई तत्काल

राहत दिने निर्णय गरियोस् । बेपत्ता भएकाहरूको खोजीकार्य एकदमै छिटो गरी उद्धार गरियोस् ।भन्ने माग राख्दै सरकारलाई ध्यान आकर्षण गराउन चाहन्छु । साथै जोखिम रहेका बस्तीहरूको पहिचान गरि त्यस्ता बस्तीहरूलाई समयमै बस्ती सार्ने काम गरियोस् सभामुख महोदय, यही क्रममा गोर्खामा पनि १९ गते रातिको वर्षा र २३ गते रातिको भारी वर्षाले शिरानचोक गाउँपालिका वडा नं. ६ खैरनी वनमा रहेको झरेखोला उर्लेर तलको सडकसम्म क्षति पु¥याएको छ । खैरेनी वनबासी घरधुरी ४३ रहेको छ र त्यो बस्ती उच्च जोखिममा रहेको हुनाले तत्काल यसको रोकथामको उपाय गरियोस् ।

सभामुख महोदय, रोग लाग्नु भन्दा रोगको बाटो छेक्नु बेस भन्ने भनाई तपाईहरूलाई हामीले गम्भिर रूपमा सोच्न जरुरी छ । मौसम विदहरूको भनाई अनुसार अझै तीन दिन भारी वर्षा हुने र ठूलो धनजनको क्षति हुने भविष्यवाणी गरेको हुनाले गोरखाको दरौदी र बूढी गण्डकी नदी लगायत अन्य साना खोलाहरूले खेतीवाली र मानवीय क्षति हुने ठूलो सम्भावना रहेको हुँदा उक्त स्थानको पहिचान गरी रोकथामको कार्यहरू समयमा गरियोस् तर यो प्राकृतिक विपत्तिसँगै बढी क्षति पुग्नुको प्रमुख कारण असारे विकास पनि हो सरकारले आफ्नो अनुकुलतामा काम गर्ने आफ्नो अनुकुलतामा योजना पार्ने प्रकृयाले पनि वर्षात्को समयमा बढी बाढी पहिरो जाने समस्या बढेको छ ।

सभामुख महोदय, प्रदेश सरकारले अहिलेसम्म स्थानीय तहलाई यथेष्ठ स्वास्थ्य सामग्री दिएको छैन अहिलेसम्म स्थानीय तहले आफ्नो बलबुताले औकातले भ्याएसम्म जनतालाई सेवा दिएको छ अब प्रदेश सरकारले हेलचक्र्याइ गर्न मिल्दैन जनताको जीवनसँग प्रदेश सरकारले धेरै चलखेल नगरियोस्। छिटो भन्दा छिटो यथेष्ठ स्वास्थ्य सामग्री सबै स्थानीय तहहरूमा पठाइयोस भन्ने माग गर्न चाहन्छु । गोरखा आस्पतालमा एउटा मात्र भेन्टीलेटर छ। कोरोना संक्रमित ९९ पुग्यो । अहिले ३५ जना अस्पतालमै उपचारमा रहेको माननीय सदस्य समय सकियो धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी । समय ५ मिनेट । त्यसपछि माननीय सदस्य श्री विन्दुकुमार थापा।

**माननीय विन्दुकुमार थापा**

सभामुख महोदय, गए राति परेको अविरल वर्षाका कारण म्याग्दीको निर्वाचन क्षेत्र ख अन्तर्गतको धौलागिरी गाउँपालिका वडा नं. ६ मोराङमा पहिरो आउदा खेरी एकै गाउँका २४ जना लापत्ता छन् भने त्यसैगरी सोही क्षेत्रका मालिका गाउँपालिका वडा नं. ७ बिम्बमा पनि पहिरोमा परि ८ जना, एकै घरपरिवारको ६ जनासहित अन्य २ जना गरी ८ जनाको मृत्यु भएको छ ।

त्यसैगरी मंगला गाउँपालिकाको उखुखोला नजिक पनि एक जना खोलाले बगाउँदा लापत्ता हुनुभएको छ त्यसैगरी लघुगंगा गाउँपालिका वडा नं. ६ ठाडाखानीमा पनि खोलाले बगाउँदा खेरी १ जना लापत्ता हुनुभएको छ । सबै गरी यति बेला त म्याग्दीमा ३४ जनाको मृत र लापत्ता भएको अवस्था छ भने ४ जनामा बढी घाइते भएको अवस्था छ र त्यो ठाउँहरूमा अहिले पनि सरकारको कुनै पनि क्रियाकलापले यो मौसमका कारणले त्यो ठाउँमा गएर उद्धार गर्नसक्ने अवस्थामा नरहेको हुनाले र प्रदेश सरकार, संघीय सरकार लगायतका माध्यमबाट तुरुन्त अब मौसमको वातारण भएको खण्डमा सोही ठाउँमा गएर घाइतेको उद्धार गर्ने मृतकको खोजी गर्नका लागि म सरकारसँग हार्दिक अनुरोध र अपिल गर्न चाहन्छु ।

साथसाथै गए राति कै पहिरोमा परि विशेषगरी लगुगंगा गाउँपालिका नगरपालिकाको सीमाना पर्ने लघुगंगा नदी ठूलो भएर बाढी भएर आउँदै गर्दा मुस्ताङ जाने जुन एकमात्र कालीगण्डकी करिडोरको नदी जो गलेश्वर नदीमा मोटर बगाउँदा खेरी विशेषतः रघुँगंगा गाउँपालिका र अन्नपूर्ण गाउँपालिका र सिङ्गो मुस्ताङ जिल्लानै यातायातबाट बञ्चित हुन पुगेको छ ।

सोही स्थानमा एउटा मात्रै झोलुङ्गे पुल रहेको त्यो जोलुङ्गेपुल पनि उच्च जोखिममा रहेको हुनाले प्रदेश सरकारले विशेषतः ध्यान दिई सो ठाउँमा यातायात सूचारु गरेर

पनि पहल गर्न पनि म हार्दिक अनुरोध र अपिल गर्न चाहन्छु । साथसाथै त्यही ठाउँमा बढी धेरै परिवारहरू सयौं परिवारहरू विस्तापित भएका छन्, सो विस्तापितलाई पुर्नस्थापना गर्ने, उहाँहरूलाई तत्काल राहत दिने, तत्काल उहाँहरूलाई कुनै राहतका सामग्री वितरण गर्न पनि म प्रदेश सरकारसँग म हार्दिक अनुरोध र अपिल गर्न चाहन्छु ।

अहिले जिल्ला प्रशासनको आधिकारीक डाटा आइसकेको छैन तैपनि अहिले त ५० भन्दा धेरै उच्च जोखिममा रहेको र १२ घरहरू पूरै क्षतिग्रस्त भएको रिपोट आएको छ सो कुराहरू पनि प्रदेश सरकारको विशेष मन्त्रालयले ध्यान दिएर यथाशिघ्र प्रदेश सरकारको उपस्थिति रहोस् भन्ने म हार्दिक अनुरोध र अपिल गर्दै सो पहिरोमा परेर मृतकजनप्रति म गहिरो हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सम्पूर्ण परिवारहरूप्रति समवेदना व्यक्त गर्दै आ–आफ्नो ठाउँबाट सम्पूर्णले सहयोग गर्न पनि हार्दिक अनुरोध र अपिल गर्दै मेरो भनाईलाई अन्त्य गर्छु । धन्यवाद ! नमस्कार !!

**माननीय सभामुख**

माननीय सदस्य श्री विन्दुकुमार थापा, समय ३ मिनेट । त्यसपछि माननीय सदस्य श्री राजीव पहारी ।

**माननीय विन्दुकुमार थापा**

सभामुख महोदय, गण्डकी प्रदेशको राजधानी पर्यटकीय नगरी पोखराको सडकको अवस्था साह्रै असाध्यै धेरै खाल्टाखुल्टीहरू रहेका छन् । रातको समयमा पानी जम्ने र दुर्घटनाहरू निम्तिने कुराहरू सिर्जत भएको छ । त्यस्तै गरेर अहिले खानेपानीको पाइप लाइनहरू विस्तार गर्ने क्रममा पनि धेरै सडकहरू खनिएका छन् र यो वर्षातको पानीले सडकहरू भत्काएको अवस्था छ । यसले महानगरलाई पनि एउटा अनुरोध हामी गर्न गएका थियौं र महानगरले यो एउटा सडग विभाग अन्तर्गत पर्छ यो हाम्रोमा पर्दैन त्यसकारण त्यहा जानुस् भन्नुभयो । त्यहाँ जाँदाखेरी हामीसँग बजेट छैन

त्यसकारण यो सडक बनाउन सकिने अवस्थामा छैन भनेर सडक विभागले जवाफ दिएको अवस्था छ ।

विशेष गरेर पोखरा ११ नारायण स्थान मणिपालसम्मको बाटो र कि नारनथान भगवान स्थानको सडक, महेन्द्रपुलबाट काहुँखोलासम्मको बाटो त्यस्तै गरेर पोखरा जिरो किलोमिटरबाट हल्लनचोक लेकसाइडसम्मको सडक, त्यस्तै गरेर पृथ्वीचोकबाट कोत्रेसम्मको सडक यो असाध्यै धेरै खाल्टाखुल्टीहरू भएका छन् । त्यसकारण अब यो प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयमा यो सडक मर्म सम्भार भनेर बजेट यसपालिको ७७÷७८ को बजेटमा रकमहरू छुट्याइएको छ ।

यो रकमबाट यो सडक महानगरको सडक विभागको मुख नहेरिकन यो गण्डकी प्रदेशको पनि दायित्व हो र यो प्रदेशको राजधानी पनि भएको हिसाबले यो गण्डकी प्रदेश सरकारको पनि दायित्व हो भन्ने मलाई लागेको छ । त्यसकारण यो सडक मर्मसंहार धेरै रकम पनि लाग्ने होइन । यो खाल्टाखुल्टी पुर्नको लागि मलाई लाग्छ यो खानेपानी संस्थानले जुन पाइपलाइन विस्तार गरिराखेको छ त्यो त्यही संस्थानले नै त्यो मर्मत गर्ने छ भने खाल्टाखुल्टीहरू पुर्नको लागि धेरै रकम लाग्ने पनि होइन । यो तर्फ सरकारको ध्यान जाओस् भन्ने म चाहन्छु र अर्को कुरा यो अहिले गएराति अविरल वर्षाको कारणले गर्दा पोखरा ४ स्काउट अफिसदेखि अलिकति तल त्यहाँ एउटा सुकुम्बासी बस्ती छ त्यो सुकुम्बासी बस्तीमा यो फिर्केखोलाको बहाव बढेको हिसाबले त्यहाँ पुल पनि एउटा बन्दै छ अलि तल त्यो पुलहरू बन्ने क्रममा त्यहाँ माटोहरू थुपारिएको छ त्यसले गर्दा खेरी त्यो सुकुम्बासी बस्ती जलमग्न भएर घरभित्रै पानी पसेको अवस्था छ र त्यो ठाउँमा हामी विहान पनि गएर निरिक्षण गर्‍यौं र त्यस्तै गरेर पोखरा ४ सिद्धार्थचोकबाट फिर्के जाने बाटोमा पनि जमिन भासिएको छ । गैह्रापाटनमा पनि जमिनहरू धेरै ठाउँमा भासिएका छन् । यो तर्फ पनि यो सडक विभागले महानगरको मुख नताकीकन प्रदेश सरकारले यो भासिएको ठाउँहरू पनि तुरुन्तै मर्मत संहार गरोस् भन्ने अनुरोध गर्दै मेरो आफ्नो भनाई यही टुङ्ग्याउँछु धन्यवाद ! जयनेपाल !!

**माननीय सभामुख**

माननीय सदस्य श्री राजीव पहारी, समय ५ मिनेट । त्यसपछि माननीय सदस्य श्री आशा कोइराला ।

**माननीय राजीव पहारी**

माननीय सभामुख महोदय, केही दिनदेखि अझ विशेष गरी आजराति परेको अविरल वर्षा जसको कारणले बाढी पहिरोले गर्दा कास्की जिल्लाका विभिन्न ठाउँहरूमा ठूलो जनधनको क्षति भएको छ । अझ पोखरा १८ सराङ्कोटको कोठादीमा टंकबहादुर थापाको घरमा पहिरो गई उनकी श्रीमती दुई नाति र छिमेकी सहितको ज्यान गएको छ । पोखरा २५ मिर्कोटका रामचन्द्र अधिकारीको घरमा पहिरो गई उनकी आमा हिमकला अधिकारीको मृत्यु भाको छ । ८ जना घाइते हुनुहुन्छ । पोखरा २६ पैतेडाँडामा स्थानीय दुर्गाबहादुर सुनुवारको घरमा पहिरो गई घरधनी उहाँ नै मृत्यु हुनुभएको छ, म सम्पूर्ण मृतकप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र जतिपनि घाइतेहरू हुनुहुन्छ उहाँहरूप्रति शिघ्र सुस्वास्थ्यको कामना गर्न चाहन्छु र यो आज रातिको वर्षाको कारणले पहिरो गयो, र प्रदेश सरकारले थाहा पाउने वित्तिकै विहान ७ बजे नै सराङकोट हेमजा लगायतका ठाउँमा सुरक्षा कर्मीहरू परिचालीत गरेर अनि सिडियो र तीनवटै सुरक्षाका प्रमुखहरू सहित गएर आफै उपस्थित भएर जुन ढङ्गबाट उद्धारको काम भको छ प्रदेश सरकारले जुन तदारुताका साथ यो काम गरेको छ प्रदेश सरकारलाई हार्दिक धन्यवाद पनि दिन चाहन्छु र यो राजनीतिक रूपमा विपत्ति, भूकम्प, बाढीपहिरो भन्ने कुरा हाम्रो काबुमा हुने कुरा पनि होइन र यही कुरा पोखरा ५ मालेपाटनमा ५ र १८ को बीचमा सीमाना मार्ग खुँडे पोखरी यरिया घाट खहरे खोला र बुलौदी खोलाका मुहान राधाकृष्ण मार्गका मुहानहरू भासिएका छन् पोखरा ६ सेती डाडाँका विभिन्न ठाउँहरूमा खासगरी हल्लनचोकदेखि पामेचोकसम्मका विभिन्न ठाउँहरूमा पहिरो गएका छन् ।

त्यहाँका स्थानीय जनताले सुरक्षा कर्मीको सडकमा बाटो खुलाइएको अवस्था छ । गाउँपालिकाका पनि विभिन्न अन्नपूर्ण गाउँपालिकाका पनि विभिन्न ठाउँहरूमा पहिरो गएका छन् । मैले अहिले खास के कुरा राख्न खोजेको हो भने सभामुख महोदय प्रदेश सरकारले संघ र स्थानीय सरकारसँग समन्वय गरी जिल्लामा सिडियोको अध्यक्षतामा रहेको विपत् व्यवस्थापनसँग समिति सुरक्षाकर्मीहरूलाई सहित परिचालित गरेर प्रदेशमा एउटा प्रदेशस्तरीय र जिल्लाजिल्लामा नै जिल्लास्तरीय समेत निर्माण गरी जहाँ घटना घट्छ त्यहाँ तत्काले उद्धार गरिहाल्ने राहत उपलब्ध गराइहाल्ने र अब यो मौसम विभागले पनि तीन दिनसम्म व्यापक रूपमा वर्षाद् हुने भनेको छ ।

यो असार साउन भनेको वर्षाद्को समय पनि हो यसरी सबै अङ्गहरूलाई स्टेनमा राखी हेर्नु पर्‍यो । प्राकृतिक प्रकोपमा उद्धार गर्न चाहिने सामाग्रीहरू जस्तै टेन्ट हुन सक्छन्, त्रिपालहरू हुन सक्छन्, फिल्डमा प्राथमिक उपचार गर्नेपर्ने देखि लिएर हस्पिटलहरूलाई तयारी अवस्थामा राख्नु पर्ने छ अहिले पोखरामा रगतको अभाव भईरहेको कुरा आइरहेको छ । यि सबै कुराहरूको समन्वय आझै गर्नुहोस् कहाँकहाँ के के चाहिन्छ ? प्राकृतिक प्रकोप आयो भने एम्बुलेन्स चाहिएला, दमकल चाहिएला भोलि हावाहुरी लागेर आगोलागि होला यी सबै कुरालाई इस्टेपबाइ राखेर यी सबै अङ्गहरूलाई परिचालित गर्नको निम्ति म प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु किनकि विगतमा पोखरामा एउटा घटना घट्यो पोखरामा एउटा बस्तीमा आगो लागि भयो आगो निभाउन दमकल पनि गयो तर त्यहाँ कर्मचारीको लापरवाहीको कारणले त्यो दमकलमा पानी नै नभएको कारणले क्षति भयो । एउटा बस्तीनै ठूलो क्षति भयो तर यी सबै कुराहरूलाई प्रदेश सरकारले विचार गरेर सरकारकै नेतृत्वमा यी सबै कुरालाई परिचालित गरोस् र अर्को यो फेवातालमा पानीको उच्च बाहवमा छ त्यो बाँधमा उच्च जोखिममा रहेको कुरा आएको छ यो तर्फ पनि म प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु । जोसँग अपेक्षा छ, आशा छ उसैलाई कुरा राख्ने कुरा स्वभाविक पनि हो । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री आशा कोइराला, समय ५ मिनेट । त्यसपछि माननीय सदस्य श्री प्रभा कोइराला ।

**माननीय आशा कोइराला**

माननीय सभामुख महोदय, वर्षायाम देशैभरी बाढी पहिरो प्रकोपको बढिरहेको र ठूलो धनजनको क्षति भएको कुरा हामी सबैलाई विदितै छ । यसै शिलशिलामा हिजोराति देखि परेको अविरल वर्षाका कारण तनहूँको शुक्लागण्डकी क्षेत्रमा सेतीनदीको बाहव अत्यन्त तीब्र बढेको र ठूलो क्षतिको सम्भावना बढीरहेको अवस्था छ नदीमा आएको ठूलो बाढी र तीब्र बाहावले दायाबायाका बस्तीहरू र व्यवसायिक फर्महरू अत्यन्तै जोखिममा रहेका छन् र दुलेगौडा देखि दक्षिण पश्चिम क्षेत्र एवं स्याङ्जा जिल्लाका विभिन्न स्थानमा जाने मूल नाका ढोरबाराही मोटर मार्गको सेतीनदीमाथिको पुलसमेत खतरामा परेको अवस्था छ । यसर्थ नदीकिनारका बस्ती, व्यवसायहरूलाई वैकल्पिक व्यवस्थासहित स्थानान्तरण गर्ने र उक्त मोटरे बल पुलको संरक्षण एवं वैकल्पीक संरक्षण गर्न प्रदेश सरकारले स्थानीय सरकारको समन्वयमा तत्काल संरक्षण बढाउनको लागि म सभामुख मार्फत विशेष ध्यान आकर्षण गराउन चाहन्छु प्रदेश सरकारको । स्मरण रहोस् उक्त बस्ती र पुलको क्षेत्र बाढीकै कारण गत ३÷४ वर्षदेखि नै भासिएको कारणले जोखिम बढेको तर राम्रो वैकल्पिक व्यवस्थापन हुन नसकेको कारण उक्त जोखिम कायम रहेको व्यहोरा जानकारी गराउन चाहन्छु धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री प्रभा कोइराला, समय ५ मिनेट ।

**माननीय प्रभा कोइराला**

सभामुख महोदय, केही दिन यता नेपालकै धेरै जिल्लामा अविरल वर्षा भइरहेको छ। यो अविरल वर्षाका कारण धेरै धनजनको क्षति भएको छ । सर्वप्रथम त म अविरल वर्षाका कारण क्षति भई ज्यानै गुमाउने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक श्रद्धाञ्जली

अर्पण गर्न चाहन्छु र घाइतेहुनु भएको छ घाइतेहरूको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र यो परिवारहरूलाई राम्रोसँग अनुगमन गरेर सरकारको तर्फबाट क्षतिपूर्तिको पनि राम्रो व्यवस्था होस् भन्ने पनि चाहना व्यक्त गर्दछु ।

सभामुख महोदय, कास्कीका पोखरा महानगरपालिकाका विभिन्न वडामा पनि राम्रैसँगले क्षति भएको छ । पोखराको २० नं. वडा मा भलाम, डाँडागाउँ, बाँस्तोला, गैह्रीस्वाँरा हरिहर सिम्लेस्वाँरा गुफा मुनीका बस्तीहरू राम्रैसँगले क्षति भएको छ । त्यो क्षतिका कारण हरिहर गुफालाई पनि अप्ठ्यारो पर्छ भोलिका दिनहरूमा अप्ठ्यारो पर्ने निश्चित देखेको छु मैले र यसैगरी भलामको देउराली मन्दिर नजिकैको खिमबहादुरको घर जोखिममा छ । वडा नं. १६ र २० जोड्ने कालिखोलाको पक्की पुल जोखिम भएर बाटै अवरुद्ध भएको छ । बिसकै मौजा दूध पोखरी माग लगायतका धेरै बाटोहरू अवरुद्ध भएका छन् यसैका कारण दैनिकीमा पनि असहज भएको कुरा महशुस गरेका छन् त्यहाँका स्थानीयबासीहरू ।

सभामुख महोदय पोखरा १६ का अर्मला चोक, जुम्लेटी, कुलेचोक, हर्पनखोला, ओख्ले, छहरे राहुल डाँडामा पनि पहिरो गई घरै भत्केर जोखिमको अवस्थामा छन् । पोखरा ११ हेल्पोष्ट नजिकै रहेको कृष्णबहादुर परियारको घर पहिरोले बगाई लाखौंको क्षति भएको छ र पोखरा ४ मा रहेको फिर्केखोला वरिपरि बसोबास गर्दै आउनुभएका सुकुम्बासी बस्तीहरू त्यहाँ पानीको बहाबले बस्ती डुबेको पनि म जानकारी गराउन चाहन्छु र यसैगरी पोखरा अन्तर्राष्ट्रिय विमानस्थल वरिपरिका बस्ती डुबानमा परि घरको तलामा भएको धानका भकारीसमेत भिजेको र बस्तुभाउलाई त दाम्लै काटेर जोगाउनु पर्ने अवस्थामा रहेको कुरा पनि म सम्मानित सभामा जानकारी गराउन चाहन्छु र यसैगरी गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु र आवश्यक क्षतिपूर्तिको पनि सरकारले व्यवस्था गरोस् भन्ने चाहन्छु र यति बेला नेपाल भरी नै अविरल वर्षा अझै पनि हुने सम्भावना देखिरहेको हुनाले सबै

जनसमुदायहरूमा सतर्कताका साथ रहनुहुन समेत अनुरोध गर्दै मेरो भनाइ अन्त्य गर्छु धन्यवाद !

**माननीय सभामुख**

विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही अन्त्य हुन्छ । अब म आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई समसामयिक विषयहरूमा आफ्नो भनाइहरु राख्न अनुमति दिन्छु ।

**मननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमान**

माननीय सभामुखज्यू, मिति २०७७ असार २४ गते मध्यरातिदेखि परेको अविरल वर्षाका कारण गण्डकी प्रदेशका कास्की, लमजुङ, म्याग्दी र तनहूँलगायतका जिल्लामा जिल्लाका विभिन्न स्थानमा भएको जनधनको क्षतिप्रति प्रदेश सरकार दुःख प्रकट गर्दै मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली र मृतकका आफन्तजनप्रति समवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । अविरल वर्षाको कारण २०७७ असार २६ गते बिहान १० बजेसम्मको रिपोर्ट अनुसार ११ जनाको मृत्यु भएको । ती ११ जनामा कास्कीको ७, लमजुङको ३ र म्याग्दीको ३३ जना बेपत्ता र १ जनाको मृत्यु भन्ने आएको छ । त्यो म्याग्दीको १ जनालाई जोडेर ११ जनाको मृत्यु भएको । घाइते भएकाको संख्या त्यतिबेला प्राप्त १०::०० बजेसम्म प्राप्त संख्या मात्र मैले उल्लेख गरेको छु । १६ जनालाई उद्धार गरी अस्पताल पु¥याई उपचार भइरहेको, १० घरहरू यसको संख्या निकै बढ्नेवाला छ । १० घरहरू पूर्ण रूपले क्षति भएको, ३ घर आंशिक रूपले क्षति भएको ।

उच्च जोखिममा रहेका घरहरू र बस्तीहरू अझ धेरै यसको रिपार्ट आउन बाँकी नै छ । उच्च जोखिममा परिराखेको समाचारहरू आइरहेका छन् । यी जानकारी जोखिममा रहेको जानकारी प्राप्त भएको छ । अविरल वर्षा भैरहेको अवस्थामा पनि नेपाली सेना, सशस्त्र प्रहरीबल नेपाल, नेपाल प्रहरीका सुरक्षाकर्मी तथा स्थानीय नागरिककर्मीहरू घटनास्थानमा खटी खोज, उद्धार र राहतका कार्यहरूमा निरन्तर खटिरहेका छन् ।

बिहानको बिहानै ५ बजेदेखि नै मलाई ५ बजे नै यसबारेमा जानकारी प्राप्त भाको थियो र बिहानदेखि नै कोसिस गर्दा त्यहाँ मौसमको प्रतिकुलताका कारण त्यहाँको उद्धार कार्यलाई व्यवस्थित गर्न सकिराखेको छैन । सुरक्षाकर्मी पुग्नका निम्ति पनि सबै खोलाहरू बढेका छन् । हामीले त्यहाँ सोध्यौं भने कुन खोलाले अप्ठ्यारो पा¥यो अथवा कुन खोलाले बढी क्षति पु¥यायो भन्दा के भन्ने गर्नुहुन्छ भने जुन खोलाको नामै छैन त्यसैले बढी क्षति पु¥याएको छ भन्नुहुन्छ। भन्नुको मतलब यसको अर्थ अरु बेलामा त्यहाँ पानीको थोपो नहुने, खोल्साहरू खोलाहरूले त्यहाँ वितण्डा मच्चाइरहेका छन् ।

तेसले गर्दा त्यहाँ उद्धार कार्यमा अप्ठ्यारो परिरहेको छ र त्यहाँ खोलाले २ तिरका खोलाले घेरामा पारिरहेको बस्ती नै त्यस्तो अवस्थामा रहेको कुरा पनि आई रहेकोले त्यहाँ हेलिकप्टरको आवश्यकता पर्छ भनी आवश्यकता छ भनेर हेलिकप्टरको माग भएको र अहिले केही समय अगाडि मात्रै सेनाको हेलिकप्टर यहाँ वरपर नभएको कारणले काठमाडौंबाट झिकाएर त्यो हेलिकप्टर जाँदै गरेको कुरा पनि म यहाँ जानकारी गराउन चाहन्छु । सम्बन्धित जिल्ला विपत् व्यवस्थापन समितिद्वारा त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा, कम्मललगायतका राहत सामग्रीहरु स्थानीय विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण भइसकेका छन् । विपदमा परेका नागरिकहरलाई तत्काल खाद्य पदार्थको व्यवस्था मिलाउन जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशित गरे बमोजिम जिल्लाको स्थानीय विपद् व्यवस्थापन समितिमार्फत सोको व्यवस्थापन भइरहेको छ । उपचार र राहतको व्यवस्था हामी तत्काल यसलाई मिलाउँछौं र यो काम पनि अगाडि बढिराखेको छ । त्यसको निम्ति पहिलो कुरा त जहाँ–जहाँ पहिचान भएको हुन्छ, मृतकको पहिचान र घाइतेको स्वतः पहिचान हुन्छ त्यहाँ–त्यहाँ हामीले राहत वितरण गरेर अगाडि बढ्छौं ।

यो मृतकको सनाखत नभइकन राहत दिन नमिल्ने हुनाले त्यो प्रकृया अगाडि बढिरहेको छ । बेपत्ता भएका नागरिकहरुको खोजी कार्यलगायत बाढी पहिरोबाट भएको जनधनको क्षतिको यथार्थ मूल्याङ्कन गर्न, जिल्लास्थित स्थानीय प्रशासन र सुरक्षा निकायहरुलाई निरन्तर सतर्क र क्रियाशील बनाइएको छ । अविरल वर्षा भइरहेको

कारण खोज, उद्धार, राहत लगायतका कार्य गर्न कठिनाई भए तापनि जिल्लास्थित निकायहरु परिचालित भइरहेका छन् । निरन्तर वर्षा भइरहेको र आगामी केही दिनसमेत निरन्तर वर्षा हुने भन्ने जल तथा मौषम विज्ञान विभागको पूर्वानुमान रहेको हुँदा सम्पूर्ण नागरिकहरूले उच्च सतर्कता अपाउनु हुन सम्बद्ध सबैलाई अनुरोध गरिन्छ। खोज, उद्धार, राहतलगायतका कार्यमा खटिने सम्बद्ध सबै निकायहरू, नागरिकहरु एवम् राष्ट्रसेवकहरुलगायत सबैलाई प्रदेश सरकार धन्यवाद प्रकट गर्दछ । हवस् त धन्यवाद

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म माननीय प्रदेश प्रमुखबाट यो प्रमाणीकरण सम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो को व्यहोरा म पढेर सुनाउँछु ।

मिति २०७७-३-२

विषय : प्रमाणीकरण सम्बन्धमा

श्री प्रदेश सभा सचिवालय,

गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा तहाँको पत्रसंख्या २०७६÷०७७ चलानी नं. ४०७, मिति २०७७÷२÷२७ को पत्रसहित प्राप्त प्रदेश सभाबाट पारित निम्न विधेयकहरू मिति २०७७÷३÷१ मा माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएकोले प्रत्येकको एकप्रति विधेयक यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

निम्न ः

ज्ञ। वातावरण संरक्षण गर्न बनेको विधेयक ।

ङ।  गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयक ।

घ।  गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयक ।

हरिप्रसाद बास्तोला

सचिव ।

माननीय सदस्यहरू, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई विधायन समितिको प्रतिवेदनसहित गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले मिति २०७७ साल असार १८ गते बसेको सम्मानित सभाको बैठकमा प्रस्तुत भई मिति २०७७ साल असार १९ गते दफाबार छलफलका लागि विधायन समितिमा पठाइएको गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिबाट प्रतिवेदनसहित प्राप्त हुन आएकाले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम क बमोजिम समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद।

**माननीय सभामुख**

अब म उक्त विधयकमाथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने

मानीय सदस्यहरूले हुन्न मन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब विधायन समितिको प्रतिवेदनसहित गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफल दफावार प्रारम्भ हुन्छ । छलफल भाग लिन चाहनु हुने माननीय सदस्यहरूका लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरूले आ–आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री कुमार खड्कालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय कुमार खड्का**

माननीय सभामुखज्यू सर्वप्रथम त बाढी पहिरोका कारण कास्की लगायत देशका विभिन्न भूगोलमा मृत्युवरण हुनेलाई श्रद्धासुमन र घाइतेको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र यो पीडाको घडीमा प्रदेश सरकारले खोज, उद्धार, राहत, संरक्षण उपचार र जनजीवन सहजताको लागि म सभामुखमार्फत् अनुरोध गर्न चाहन्छु । हामी आज गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका बारेको दफावार छलफलमा छौं। विधेयकमा हामीले अनुसूचीसहित १० बुँदे संशोधन प्रस्ताव दर्ता गराएका थियौं ।

हाम्रो संशोधन प्रस्ताव र प्रतिवेदनको सेरोफेरोमा आफ्ना विचारहरू यहाँ अभिव्यक्त गर्ने अनुमति चाहन्छु । विधायन समितिको प्रतिवेदनको बुँदा नं. ३ बाहेक सबैमा सर्वसम्मत निर्णय भएको भनिएको छ । मलाई लाग्छ त्यो बुँदा नं. ३ नभइकन बुँदा नं. ४ हुनुपर्ने हो । विधायन समितिका सभापतिको हस्ताक्षरित बुँदा नं. ५ मा विधेयकको दफा ४, दफा ११, १३, १८ र अनुसूची क, ख, ग मा हाम्रो संशोधनलाई सम्बोधन

गरिएको भनिएको छ तर दफा १३ र १८ बारे कुनै संशोधनले विवरण प्रतिवेदनमा छैन । दफा १३ को उपदफा २ को १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्यले बैंक खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा सुविधावापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयबाट उपलब्ध गराउन बाधा पुग्ने छैन भनेर मूल विधेयकमा भनिएको थियो त्यसमा हामीले बैंक खाता अनिवार्य गर्न यो व्यवस्था हटाउनुपर्छ भन्ने संशोधन हालेका थियौं तर विधायन समितिमा छलफल हुँदा खाता खोल्न नसक्नेको साटो सम्बन्धित स्थानीय तहमा बैंक नभएमा भन्ने राख्ने सहमति भएको थियो प्रतिवेदनमा त्यो उल्लेख भएको छैन ।

त्यो उल्लेख हुनुपर्छ भन्ने मेरो जिकिर हो । त्यस्तै दफा १८ को खारेजी र बचाऊमा सर्वोच्च अदालतको फैसला अनुसार भन्ने वाक्यांश प्रतिवेदनमा राख्ने भन्ने सहमति भाको थियो त्यो वाक्यांश पनि प्रतिवेदनमा परेको छैन । माननीय मन्त्रीज्यूले यसलाई सम्बोधन गर्नु हुनेछ भन्ने मैले आशा गरेको छु ।

हामीले संशोधन राख्दा मुलत ४ वटा विषयमा आफ्ना संशोधनलाई केन्द्रित गरेका थियौं । नम्बर १ सदस्यहरूलाई सवारी साधन दिन नहुने, महानगरपालिकाको प्रमुखको स्वकीय सचिव नासु सरहको हुनुपर्ने मर्यादाक्रमको अनुसारको सुविधा राखिनुपर्ने र मासिक सुविधा वृद्धि गर्दिँदाखेरी त्यो २० प्रतिशत भन्दा बढी नहुने भनेर १० वटा बुँदामा आफ्ना संशोधन प्रस्ताव राखेका थियौं । जिल्ला समन्वय समितिको सदस्यको सुविधा मर्यादाक्रम अनुसार राख्दा २० प्रतिशत भन्दा बढी राख्दा धेरै नै बढी हुने भएकोले यसलाई मर्यादा क्रम अनुसारको सुविधा राख्नु पनि पर्ने भएको हुँदा दुई वटै मापदण्ड लागू गर्नलाई विधायन समितिले सम्मत थिएन ।

तसर्थ विधायन समितिले मर्यादा क्रमवाला मापदण्ड लागू गर्‍यो जसका कारणले जिल्ला समन्वय समितिका सदस्यहरूले पाउने परिश्रमिक २० प्रतिशत भन्दा धेरै नै बढ्यो । त्यो हिसाबले हामीले हाम्रा संशोधन भन्दा विधायन समितिका निर्णयलाई सही मानेका छौं । यस आलोकमा हाम्रो संशोधन प्रस्तावलाई अगाडि बढाउन आवश्यक नभएको हुँदा म प्रस्तावक र माननीय मेखलाल श्रेष्ठ समर्थक भई दर्ता गरिएको संशोधन

प्रस्तावलाई रोष्टमबाटै मैले फिर्ता लिने जानकारी सभामुखमार्फत सदनलाई जानकारी गराउन चाहन्छु र हाम्रो संशोधन प्रस्तावलाई बहुत सकारात्मक रूपमा छलफल गरेर निर्णयमा पुग्ने विधायन समितिका माननीय सभापतिज्यू र विधायन समितिका माननीय सदस्यज्यूहरूप्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु धन्यवाद । जय नेपाल !

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्णबहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु। यसपछि माननीय सदस्य श्री सरिता गुरुङ ।

**माननीय कृष्णबहादुर थापा**

माननीय सभामुख महोदय, अहिले हामी यो सम्मानित सभामा गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक माथि दफाबार छलफलमा छौं । विशेषत विधायन समितिले विधायन समितिको रिपोर्ट अनुसार त्यो समितिमा सर्वसम्मत निर्णय भएर यो विधेयक दफावार छलफलमा ल्याइएको छ यसमा म आफ्ना विचारहरू राख्न चाहन्छु ।

सभामुख महोदय, स्थानीय सरकार स्थानीय तह वास्तवमा स्थानीय सरकार अहिलेको संविधानको व्यवस्था अनुसार स्थानीय तह यो चाहीँ वास्तवमा जनताको घर–आँगनको आफ्नो सरकार हो । जुन सरकार जनताको हरेक सुखमा नजिकबाट काम गरिरहेको छ र जनताको हरेक दुःखमा नजिकबाट सघाइरहेको हुन्छ । त्यति मात्र होइन मर्दा पनि तत्काल यो सरकारको आवश्यकता र जन्मदा पनि यो सरकारको आवश्यकता तसर्थ यो असाध्यै महत्वपूर्ण छ भन्ने मलाई लाग्छ ।

नेपालको सन्दर्भमा स्थानीय सरकारको कुरा गरिरहँदा करिब–करिब ०७ सालदेखि १५ सालसम्मको एउटा अवस्था र करिब १५ सालदेखि १८ सालसम्मको एउटा अवस्था र १९ सालदेखि ४६ सालसम्मको एउटा स्थानीय निकायको अवस्था र ४६

सालपछि ४८ सालसम्मको फेरि एउटा अवस्था र ४९ सालदेखि ५९ सालसम्मको स्थानीय निकाय, स्थानीय निकाय मात्रै भएन त्यो बेलामा त्यो स्थानीय निकायलाई विशेषता २०५४ सालको स्थानीय स्वायत्त शासन ऐनले करिब–करिब स्थानीय सरकारतर्फ उन्मुख गर्ने अधिकार दिएको स्थिति र त्यो ५९ साल पछाडि ७२ सालसम्मको एउटा स्थिति र अहिले हामी स्थानीय तहको सरकारको बारेमा कुराकानी गरिरहेका छौं ।

सभामुख महोदय, मैले यो किन भनिरहेको हो भने तत् तत् अवस्थामा स्थानीय सरकारहरूले काम गरेको हामी पाउँछौं । नेपालको अहिलेको वर्तमान संविधानको कुरा गरिहँदा नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धलाई स्थापित गरेको छ । जुन सम्बन्धमा हामी सँगै सहकार्य गरेर काम गर्नुपर्ने, समन्वय गरेर काम गर्नुपर्ने र एक आपसको सहअस्तित्वलाई स्वीकारेर काम गर्नुपर्ने अवस्था छ । त्यस्तै गरेर उपधारा ८ मा नेपाल सरकारले आफै वा प्रदेश सरकारमार्फत आवश्यक विषयमा गाउँपालिका नगर कार्यपालिकालाई हामीले आवश्यक सहयोग पनि गर्ने र आवश्यक निर्देशन पनि दिने यो संविधानमा व्यवस्था गरिएको स्थिति छ । यसै गरेर संविधानको धारा २२० मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १२ दफा ९२ देखि ९६ सम्म विशेष गरेर जिल्ला समन्वयको बारेमा त्यसको कामहरूको बारेमा व्याख्या गरेको पाइन्छ ।

सभामुख महोदय, मैले यहाँ राख्ने खोजेको विषय हामी जस्तै प्रदेश सभाका माननीय सदस्यहरू जस्तै स्थानीय तहमा त्यहाँ पनि निर्वाचित जनताको प्रत्यक्ष मतबाट निर्वाचित जनप्रतिनिधिहरू आएर काम गरिरहनु भएको छ । अहिले चौथो वर्षमा उहाँहरू प्रवेश गर्नुभएको छ । चौथो वर्षमा प्रवेश गरिरहँदा त्यो सुविधा प्रदेश सरकारले दिए जस्तो र उहाँहरूले लिए जस्तो अवस्था होइन । यो उहाँहरूको आफ्नो अधिकार हो । जसरी हामीले सुविधा लिइरहेका छौं त्यहाँ काम गर्ने जनप्रतिनिधिहरूले पनि त्यत्तिकै सुविधा पाउनुपर्ने आवस्यकता छ  र त्यो हौसला बढाउनु हाम्रो आफ्नो जिम्मेवारी हो भन्ने मलाई लाग्छ ।

सभामुख महोदय, अहिले हामी त्यो विषयमा मलाई भन्नुहुन्छ भने यो हाम्रो प्रदेश सभामा त्यति धेरै विवादहरू गरिरहनुपर्ला जस्तो विषय पनि होइन । प्रदेश सभा आफैमा जिम्मेवार बनेर किनभने स्थानीय तहमा निर्वाचिन जनप्रतिनिधिहरूसँग हर हमेसा सहकार्य गर्नुपर्ने, समन्वय गर्नुपर्ने र वास्तवमा उहाँहरूका हरेक काममा सघाउनु पर्ने र यो हाम्रो प्रदेश सरकारलाई बलियो बनाउन पनि स्थानीय सरकारको त्यत्तिकै महत्वपूर्ण भूमिका भएको हुँदा तत अनुसार नै हामीले हाम्रो आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्ने हो र यो सुविधाको बारेमा यो हाम्रो सदनमा सत्ता पक्ष र प्रतिपक्ष भएर एक खालको बोलिरहनु पर्ने अवस्था पनि होइन हामी सबै एउटै पक्ष भएर उहाँहरूलाई यो सुविधा संवैधानिक व्यवस्था अनुसार हाम्रो संविधानले गरेको व्यवस्था अनुसार हामीले यो गर्नुपर्ने हाम्रो कर्तव्य हो ।

सभामुख महोदय, गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधाको बारेमा हामीले यो भन्दा अगाडि पनि यो विधेयकका बारेमा हामीले छलफल गरेका थियौं र त्यसका केही दफाहरू म उहाँ उल्लेख गर्न चाहन्छु । जस्तै हामीले ३ नं. बुँदाको २ नं. उपदफा १ मा हामीले मासिक सुविधा नपाएका पदाधिकारी सदस्यको सुविधा नपाएको मितिहरू र सुविधा पाउने छन् भन्ने व्यवस्था। त्यस्तै गरेर दफा नं. ४ को ३ मा पदाधिकारी बाहेकको पदाधिकारीको अनुसूची बमोजिम रकम पाउने व्यवस्था, त्यस्तै गरेर २ नं. मा वडा समिति बैठक भत्ता यो प्रति महिनामा हामीले बढीमा ३ वटा बैठकसम्मको सुविधाहरू । त्यस्तै गरेर दफा नं. ११ मा नीजि सचिवालयको व्यवस्थामा महानगरको प्रमुख त्यसपछि उपप्रमुख, गाउँपालिकाको अध्यक्षलगायतकाको स्वकीय सचिव राख्ने व्यवस्था र दफा नं. ३ मा गाउँपालिकाका अध्यक्षको आन्तरिक श्रोतबाट खर्च गर्नुपर्ने व्यवस्था त्यस्तै गरेर १३ नं. बुँदामा २ उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी सदस्यको बैंकको खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता, सुविधावापतको रकमको व्यवस्था ।

त्यस्तै गरेर १५ नम्बरमा सुविधा कम हुने गरी निर्णय गर्न सक्ने व्यवस्था र अहिले भर्खरै हाम्रो अस्ती छलफल भइसकेपछि यो सम्मानित सभामा विधायन समितिको

छलफलले उहाँहरूको सर्वसम्मत निर्णयले यसमा फेरि हामीलाई यो दफाबार छलफलमा गइरहँदा विशेषत गाउँ सभा, नगर सभा र जिल्ला समितिका सदस्यले पाउने सुविधाको बारेमा दफा नं. ३ मा विधेयकको दफा ११ को उपदफा १ मा रहेको विषयका बारेमा त्यस्तै गरेर ४ नं. दफा विधेयकको दफा ११ को उपदफा २ मा रहेको यो राजपत्रांकित प्रथम श्रेणी भन्ने वाक्यांशको बारेमा र यसरी गाउँपालिका, नगरपालिका सदस्यहरूले पाउने सुविधा त्यस पछाडि नगरपालिका पदाधिकारीका सदस्यले पाउने सुविधा ६ नं. बुँदामा र महानगरपालिकाका सदस्यहरूले पाउने सुविधा । जुन यो विधेयक यहाँ पेश गरिएको छ मलाई लाग्छ यो एकदमै समसामयिक छ, आवश्यक छ र वास्तवमा हामीले धेरै ढिलो भएको छ। ढिलो भए पनि यो सम्मानित सभाले यो हाम्रो छलफलबाट एकदम व्यवस्थित गरेर यो विधेयक ल्याएको छ । जसले गर्दा यो विधेयक पास भइसकेपछि हाम्रो स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले जुन सुविधा पाउनु हुनेछ त्यस पछाडि अझै स्थानीय तहको काममा धेरै व्यवस्थित हुनेछ र उहाँहरूलाई एक खालको सम्मान हुनेछ भन्ने आफ्नो विचार राख्दै यो विधेयकप्रति म र मेरो पाटीकोतर्फबाट पूर्ण समर्थन जनाउँदै विदा हुन चाहन्छु ।धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सरिता गुरुङ**

माननीय सभामुखज्यू सर्वप्रथम त आज हिजोदेखि अविरल वर्षाको कारण गण्डकी प्रदेशलगायत देशका विभिन्न स्थानहरूमा मृत्यु हुनेहरूप्रति हार्दिक श्रद्धासुमन दिन चाहन्छु साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै सम्बन्धित परिवारजनमा समवेदना व्यक्त गर्न चाहन्छु । र सरकारले यसको क्षतीपूर्तिको छिट्टै र औषधि उपचार छिट्टै गरिदियोस् भन्ने अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुखज्यू, नेपालको संविधानको धारा २२० को उपधारा ८ मा जिल्ला समन्वय समितिको सदस्यहरूले पाउनु पर्ने सुविधा र धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यहरूले पाउनुपर्ने सुविधा प्रदेश कानून बमोजिम हुने व्यवस्था सम्बन्धी विधेयकको दफाबार छलफल गर्न प्रस्तुत भइराखेको छु । माननीय सभामुखज्यू,यसमा विधायन समितिले धेरै कतिपय बुँदाहरूमा संशोधन गरिसकेको छ र कति कुराहरू कम्प्रमाइज पनि भएको छ । ढिलै भएको छ तैपनि नेपाली काँग्रेसले यी कुराहरू पहिल्यै  ल्याउनु पर्छ भनेको थियो तैपनि त्यति हुँदाहुँदै पनि यो विधेयक आएको छ भन्दै माननीय सभामुखज्यू, स्थानीय तहका पदाधिकारीहरूले पाउनुपर्ने सेवा सुविधा संविधानमा व्यवस्था भए तापनि विधि र प्रक्रियाहरू मेल खान नसक्दा रोकिँदै आइराखेको थियो र आएको सेवा सुविधाहरू प्रदेश कानून बमोजिम सेवा सुविधा दिन सकिने भन्ने उल्लेख भएको सन्दर्भमा  शीर्षकगत सुविधा उपलब्ध गराउन भनी गाउँ नगर र जिल्ला समन्वय समितिका सदस्यहरूले पाउनु पर्ने सेवा सुविधा ढिलै भए पनि सेवा सुविधा पाउने भएकोले यो सकारात्मक विषय हो भन्न सकिन्छ ।

माननीय सभामुखज्यू, देश संघीयतामा गइसकेको अवस्था हो र हाल हाम्रो देशमा ३ वटा तहहरू छन् ३ वटै तहहरूमध्ये हामी भन्ने गर्दछौं स्थानीय तहलाई मजबुत बनाउँदा जुनसुकै कार्यमा पनि दिगोपन र र पारदर्शिता हुन्न भन्ने हाम्रो भनाई रहेको छ यति हुँदा हुँदा पनि स्थानीय तहमा धेरै कामहरू भइरहेको छ र हुने गर्ने हुन्छ। चाहे त्यो जुनसुकै विकासको काम होस् या जुनसुकै सामाजिक, धार्मिक, सांस्कृतिक जुनसुकै कार्यहरू गर्नुपर्दा खेरी पहिलो पंक्तिमा स्थानीय तहको जनप्रतिनिधिहरूले नेतृत्व गर्नुपर्ने र उहाँहरूले समाधान गर्नुपर्ने हुँदाहुँदा पनि स्थानीय तहले पाउनुपर्ने सेवा सुविधाहरू ढिलो भएको थियो ।

त्यसैले यो सेवा सुविधा अहिले हाम्रो त्यहाँ पनि उल्लेख गरिएको छ किनभने यो देशमा जब आर्थिक संकटहरू हुन्छ र देशमा महामारी हुन्छ ती त्यो भइरहँदा यो सेवा सुविधाहरू लागू गर्नुपर्छ भन्ने हुँदैन भन्ने कानूनमा हुँदाहुँदा पनि अहिले बाध्यता, परिस्थितिले गर्दा यो लागू गर्न परिराखेको छ। यसैले यी कुराहरूलाई अब हामीले

ढिलो गर्नुहुँदैन । यति भन्दै माननीय सभामुखज्यू देशमा कोरोनाले कोभिड १९ को महामारी फैलिराखेको छ । यी अवस्थामा अब कसले गर्ने ?

यहाँ अब क्वारेन्टाइनको कुरा छ, आइसोलेसनको कुराहरू छ । कसले गर्छ त भन्दा सायत यो कोरोनाको कुरा होस् स्थानीय तहले गर्छन्, स्थानीय सरकारले गर्छन् चाहे त्यो अहिले किसानहरूलाई मारमा पारिराखेको छ । धेरै किसानहरू फौजी किरा सलहले गर्दा खेरी त्यहाँ आफ्नो धान बालीहरू, आफ्नो बाली खाइराखेको छ र नास गरिराखेको छ । त्यो कोले गर्ने हो त ? त्यो फौजी किरालाई निर्मूल गर्ने काम पनि स्थानीय तहले गर्ने भन्ने कुरा छन् । सबै कुरामा चाहे त्यो प्राकृतिक प्रकोप होस्, चाहे त्यो महामारी होस् जुनसुकै कुरामा पनि त्यो कसले गर्छ भन्दा स्थानीय तहले गर्छ भन्ने हुन्छ । तर त्यति हुँदाहुँदा पनि स्थानीय तहका सेवासुविधा ढिलो आएको थियो किन भने नपाली काँग्रेसले सरकारलाई यो पुस माघमै ल्याउनुपर्छ यो कोरोनाको कुरा हल्ला नचल्दै नै किनभने स्थानीय तहको सेवा सुविधा रोकिएको छ, स्थानीय तहले धेरै जिम्मेवारीका कामहरु गर्नुपर्ने हुनाले छिटो ल्याऊ भन्दा भन्दा पनि यो ढिलो भएको थियो । त्यसैले हामी जे पनि काम गर्नका लागि अग्रपंक्तिमा पहिला स्थानीय तहले गर्ने स्थानीय तहले भएन भने प्रदेशले र संघले हो कि प्रक्रिया हो कि भन्ने जस्तो लागेको थियो त्यहाँ अहिलेमसम्म देखिएको छैन । यसैगरी हाम्ले अहिले यो गर्ने क्रममा हामीले स्थानीय तहलाई नै अगाडि बढाउनु पर्छ र स्थानीय तहको सेवा सुविधामा हामीले तल माथि गर्न हुँदैन भन्ने मेरो भनाइ हो ।

माननीय सभामुखज्यू, स्थानीय तहको जनप्रतिनिधि मलाई लाग्छ । जहाँसम्म प्रायःजसो हुँदा खाने, हुने खाने भन्दा हुँदा खाने धेरै हुनुहुन्छ यसैले उहाँहरू धेरैले भएको कारणले गर्दा खेरी हाम्ले यो सेवासुविधाहरू उहाँहरूको पदीय दायित्व भूमिका अनुसार पाउनु पर्ने सेवा सुविधाहरू ढिलै भए पनि, ढिलो भने पनि आएको छ अब यो खालि लागू गर्ने भनेर कुरामा कुरा मात्रै नभइकन योलाई तत्काल लागू गर्नुपर्छ भन्ने म प्रदेश सरकारलाई अनुरोध गर्दै विदा हुन्छ धन्यवाद, जय नेपाल !

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुखज्यू, आज हामी नेपालको संविधानको धारा १२० र १२७ दुई स्थानीय तहका पदाधिकारी र सदस्यहरूको सेवा सुविधाको सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुने कुरा व्यवस्था गरेको हुँदा हामी स्थानीय तहका पदाधिकारी र सदस्यहरूको सेवा सुविधासम्बन्धी विधेयकको दफावार छलफलमा उपस्थित भएका छौं । यसको सैद्धान्तिक विषयमाथिको छलफलको क्रममा पनि यो विधेयक यतिबेला जरुरी छ कि छैन हामी धेरै कोडकोडबाट बहस गऱ्यौ फेरि पनि मलाई अत्यन्तै खुसी लागेको छ । हामी यहाँसम्म आइपुग्दा सर्वसम्मतबाट यो विधेयक सदनमा प्रस्तुत भएको छ ।

स्थानीय तहका जनप्रतिनिधिहरू यतिबेला सबैभन्दा बढी कामको लोडले थिचिएको अवस्था छ । हामीले महामारीको बीचमा यो ऐन ल्याउन हुन्छ कि हुँदैन बहस गऱ्याैं । तर पनि तीतो यथार्थ यो महामारीले कोभिड १९ को कारणले अझ बेसी स्थानीय तहका जनप्रतिनिधिहरू अत्यन्तै धेरै समय काममा लादिनुपर्ने, खट्नु पर्ने यो परिस्थितिको बीचमा लामो समयदेखि सर्वोच्च अदालतको फैसला लगायत केही कानूनी प्रावधानका कारणले उहाँहरू न्यूनतम सेवा सुविधा पनि लिनबाट बञ्चित हुन परेको अवस्थामा गण्डकी प्रदेश सरकारले अत्यन्तै जिम्मेवारी बोधका साथ यो ऐन प्रस्तुत गऱ्यो र आज हामी दफावार छलफलमा उपस्थित छौं ।

वास्तवमा १८ वटा बुँदा दफामा, ४ वटा अनुसूचीमा र विभिन्न शीर्षकमा स्थानीय तहका जनप्रतिनिधिहरूको सेवा सुविधाका सन्दर्भमा अत्यन्तै व्यवस्थित ढंगले ऐनले व्यवस्था गरेको छ । सरसर्ती हेर्दा एकातर्फ प्रोटोकल मिलाउनका लागि पनि प्रयत्न गरेको देखिन्छ र अर्कोतर्फ वर्क लोड, प्रोटोकल र वर्कलोड दुवैलाई व्यवस्थापन गर्नुपर्ने बाध्यताको बीचबाट यो सेवा सुविधासम्बन्धी विधेयक यहाँ प्रस्तुत भएको मैले महसुस गरेको छु । र यसका केही विषयहरू अत्यन्तै प्रष्ट छन् । वास्तवमा यसको दफा

३ मा यो सेवा सुविधासम्बन्धी ऐनमा जुनसुकै व्यवस्था भए पनि एउटा अत्यन्तै महत्वपूर्ण कोलम राखेको छ, चरम आर्थिक संकटमा मुलुक परेको बेला, प्राकृतिक वा कुनै पनि महामारीका कारण मुलुक चरम संकटमा प¥यो भने यो व्यवस्था लागु हुने छैन भनेर सिंगो ऐन माथिको एउटा वाक्यले यो स्थानीय जनप्रतिनिधि सेवा सुविधाका मात्रै हुन् भन्ने कुरा यो ऐनले गर्दैन । हामी आवश्यकता प¥यो मुलुकका निम्ति भने, संकट प¥यो मुलुकका निम्ति भने यो ऐनमा भएका सबै व्यवस्थाहरू लागू हुने छैन भनेर एउटै वाक्यले वास्तवमा सबै कुरा बोलेको छ । यो मानेमा पनि मलाई लाग्छ । हामी धेरै शंका गर्नु पर्दैन । दोस्रो कुरा, ऐनले वास्तवमा स्थानीय तहका जनप्रतिनिधिहरूको सवारी साधनदेखि, इन्धनदेखि, चालकदेखि सचिवालयदेखि, अतिथि सत्कारदेखि विभिन्न शीर्षकमा मसिनो गरी कति खर्च गर्न पाउने, तेल कति खर्च गर्न पाउने हो, अतिथि सत्कारमा कति खर्च गर्न पाउने हो, गाडीमा कति सुविधा लिन पाउने हो प्रष्ट ढंगले अनि बैठक भक्ता कति लिन पाउने हो कतिवटासम्म बैठकमा भत्ता लिन पाउने हो यी सबै कुरा शीर्षकमा अनसूचीमा फेहरिस्त प्रस्तुत गरेको छ ।

मलाई लाग्छ आज तपाईं हामी माथि जनप्रतिनिधिहरू माथि प्रश्न उठेको प्रश्न के हो भने हामी कानूनलाई बदल्न सक्छौं कि सक्दैनौ ? ऐनमा बनाएर कानून बनाएर विधिको शासन भित्र हामी जनप्रतिनिधिहरू अट्दा मलाई लाग्छ जनताको गुनासो छैन । मलाई लाग्छ यो सबै कुराले स्थानीय जनप्रतिनिधिहरूलाई अत्यन्तै बाँधेको छ, निश्चित रुल अफ ल भन्छौ हामी बास्तवमा विधिको शासन प्रणालीभित्र बाध्ने प्रयत्न गरेको छ यसकारण पनि यो ऐन अत्यन्तै उपयोगी हिसाबले आएको छ भन्ने मलाई लागेको छ । अर्को कुरा यसले एउटा महत्वपूर्ण कुरा गरेको छ । यो अनुसूचीमा भएका सेवा सुविधाहरू बढाउनका निम्ति यलले पूरै बाटो बन्द गरेको छ।

तपाईंसँग स्रोत साधन छैन भने घटाउन सक्ने कुरा, नदिन सक्ने कुरा, थोरै बनाउन सक्ने कुरा पनि यहाँ वास्तवमा ऐनमा अत्यन्तै व्यवस्थित ढंगले दफा १५ मा व्यवस्थित गरेको छ र दफा १७ मा आएर समय अनुकुल यो प्रदेश सरकारले अनुभूति ग¥यो, समय बदलियो भने राजपत्रमा फेरबदल गर्न पाउने यी सेवा सुविधाका शीर्षकमा

तलमाथि गर्न पाउने व्यवस्थासहित यो १८ वटा बुँदामा र यो शीर्षकहरूमा जुन व्यवस्था गरेर यो सेवा सुविधासम्बन्धी विधेयक आएको छ यसले मलाई लाग्छ स्थानीय तहका जनप्रतिनिधिहरूको मनोबल उचो गर्ने कुरा उहाँहरूलाई काममा अझ दिलो ज्यानका साथ बढ्नका लागि प्रेरित गर्ने छ मलाई त्यस्तो लाग्छ । दोस्रो कुरा मैले यसमा थोरै उठाउनै पर्ने कुरा के लागिरहेको छ भने । यो ऐनले जवाफदेहिता र पारदर्शीताको कुरालाई हाम्रो कानून नबनाएर सेवा सुविधा लिने कुरा, विभिन्न बाटोबाट सेवा सुविधा लिने कुरा विभिन्न चोरदुलोबाट छिरेर अनेकौं ढंगले खर्च गर्ने विधि प्रणाली भन्दा प्रष्टताका साथ ऐन बनाएर, कानून बनाएर विधिपूर्वक ढंगले सेवा सुविधा दिने कुरालाई हामी धेरै ठूलो विषयवस्तु बनाउने कुराले मलाई लाग्छ हामी भ्रष्टाचारलाई न्यूनीकरण गर्न सक्दैनौं, पारदर्शीतालाई व्यवस्थित गर्न सक्दैनौं जवाफदेहितालाई व्यवस्थित गर्न सक्दैनौं त्यसकारण पारदर्शीता, जवाफदेहिता र भ्रष्टाचारलाई हामी शून्य सहनशीलताको कुरा गरिरहेका छौं ।

यो शून्य सहनशीलतालाई कार्यान्वयन गर्नका निम्ति र साच्चै कानूनको शासन, विधिको शासन स्थापित गर्नका निम्ति पनि यो ऐनले स्थानीय तहका जनप्रतिनिधिहरूलाई अत्यन्तै व्यवस्थित गराउने, मर्यादित गराउने कुरामा महत्वपूर्ण भूमिका खेल्न सक्ने छ र लामो समयदेखि उहाँहरू निराशा पालिरहनु भएको छ, अनेकौं कारणले उहाँहरू वास्तवमा कानूनी हिसाबले सेवासुविधा लिन पाइरहनु भएको स्थिति छैन । यति बेला गण्डकी प्रदेश सरकारले यो समस्यालाई हल गर्नका निम्ति यो अप्ठ्यारो समयमा भए तापनि जुन व्यवस्था गरेको छ यसमा सत्ता पक्ष र प्रतिपक्ष सबैको एक मन एकताका साथ विधायन समितिमार्फत् जुन प्रतिवेदन प्रस्तुत भएको छ यलले मलाई लाग्छ हामी स्थानीय तहका जनप्रतिनिधिहरूप्रति जिम्मेवार बनेको एउटा जिम्मेवार सरकारको अनुभूति दिन सफल हुने छौं भन्ने कुरा राख्दै बिदा हुन चाहन्छु । धन्यवाद

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कृष्ण थापा**

माननीय सभामुख महोदय, गाउँ, नगर र जिल्ला समन्वयका सभाका सदस्यहरूको सेवा सुविधा सन्दर्भमा हामी छलफल गर्न गइरहेका छौ र यो छलफलमा जाँदाखेरी करिब हामीले यो सेवा सुविधा सन्दर्भमा केही छलफलहरू, केही टिप्पणीहरू, केही आलोचनाहरू पनि हामीले भोग्नु प¥यो । यो भोग्नुको मुख्य कारण त पहिलो कुरा गण्डकी प्रदेश सरकारले संविधानको धारा २२० को अथवा २२७ को राम्रो अध्ययन र मनन नगर्नका कारणले राम्र्रोसँग संयोजन गर्न नसक्नाका कारणले पनि हामी अल्ली आलोचित हुन पर्यो । दोस्रो कुरा गण्डकी प्रदेश सरकारले अलि बल मिच्याई गरेका कारणले पनि हामी आलोचना हुन प¥यो ।

बीचमा आएको संविधान सम्बोधनका सन्दर्भमा हामीले भनेका थियौं, सर्वोच्चमा मुद्दा छ, मुद्दा भएको विषयवस्तुलाई हामीले अगाडि बढाउँदा अझ बढी आलोचित हुन्छौं र त्यसो नगरौं भनेर हामीले भनेका थियौं त्यो बेला हाम्रो प्रदेशमा त केही आएको थिएन नि त भनेर हामीलाई टारियो र अन्तत सर्वोच्चले नै यसलाई के ग¥यो खारेज गर्ने परिस्थिति सिर्जना ग¥यो । यलले गर्दा मलाई लाग्छ यो विषयमा हामी आलोचित बनेका छौं । आर्कोतिर मान्छेहरूको मनोवृत्ति मनोभावनाबाट पनि हामी आलोचित छौं जस्तो लाग्छ । जनताका जनप्रतिनिधिहरू भोकै नांगो पनि हिंड्नुपर्छ भन्ने किसिमको एउटा मनोवृत्ति छ त्यो मनोवृत्तिका कारणले पनि हामी बढी आलोचित छौं । यस्ता विषयवस्तुलाई हामीले राम्रोसँग संयोजन गरेर गयौं भने वास्तवमा हामी ती आलोचनाहरू पनि सकारात्मक किसिमले पूरा गर्दै अगाडि बढ्न सक्छौं जस्तो लाग्छ र अर्को तेस्रो कुरा हाम्रो सेवासुविधा सन्दर्भमा पनि अहिले पनि एउटा कमजोर–कमजोर जस्तो विचार पनि हामीले यहाँ देखा प¥यो र आउन हुन्छ।

पनि दिन हुन्छ पनि हुन्न पनि हुन्न पनि र अहिले पनि अल्ली पछि पनि जस्तो–जस्तो यो एउटा कस्तो–कस्तो विचार सुनियो यसले गर्दा पनि मलाई लाग्छ हामी भोलि बढी आलोचित हुन्छौं यसले गर्दा खेरी मलाई हामीले यसो गर्न हुँदैन भन्ने लाग्छ र अर्कोतिर अहिले पनि यो विधेयक आउँदा खेरी कतिपय अवस्थाहरू नमिलेकै तरिकाले सरकारले

महसुस गर्‍यो त्यसलाई मलाई लाग्छ यो विधायन समितिले धेरै काटछाट र छलफल गरेर संयोजन गर्‍यो जसले गर्दा मलाई लाग्छ यो न्यूनतम पनि केही पोटफोलियोहरू, केही अवस्थाहरू, केही सुविधाहरू मिलेका छन् जस्तो लाग्छ । जस्तै स्वकीय सचिवको कुरा प्रदेशमा एउटा राख्छ एउटा तहको राख्छ तर तल अल्ली भयंकर तहको यो पनि मिलेको थिएन, यसले गर्दा खेरी मलाई लाग्छ यस चिजहरूमा पनि धेरै मिलाएर आएको छ यो विधायनसमितिले र मलाई लाग्छ यो प्रदेशबाट आएको जुन विधेयक हो त्यसमा धेरै संशोधन गरेको यो पहिलो रेकर्ड पनि होला जस्तो लाग्यो । यति धेरै चेन्ज भएर आएको थिएन यसैले यो सकारात्मक प्रकारको पनि छ । र म अन्तिममा के भन्न चाहन्छु त भने यो बुँदा नं. १६ अन्य सुविधा लिन नमिल्ने भन्ने किसिमको एउटा बुँदा छ ।

यो बुँदा राम्रै छ । मलाई लाग्छ पहिलाको पहिलो सरकारले जसरी समावेश गरेर आएको थियो करिब–करिब मलाई लाग्छ ८० डिग्री घटेर आएको छ । तर १०० बनाउन सकेन मलाई लाग्छ १०० बनाएको भए असाध्यै राम्रो हुन्थ्यो । पहिला के भएको थियो डबलै सुविधा पनि लिनुपर्छ भन्या थियो । अहिले मलाई लाग्छ त्यो विधेयकमा अथवा यो ऐनमा जुन कुराहरू उल्लेखित छ त्यो बाहेक लिउनु हुँदैन भनेर आएको छ । त्यसमा अर्को डबल प्रकारको सुविधा पनि लिउन मिल्दैन भन्ने कुरा उल्लेख गरेको भए यो हण्डेड प्रसेन्टै ठीकै हुने थियो । कतै हामी अझै पनि गलत कुरालाई लिने कुरामा अझै पनि हिचकिचाएका त छैनौ कि ? अथवा यो कानून त स्पष्ट साथ बोल्न सक्नुपर्छ । कानून त कुनै पनि दोधार किसिमको दुईटा अर्थ लाग्ने किसिमको हुनुहुँदैन । नमिल्ने त भनेको छ तर यसलाई अलि भाषागत रूपमा मिलाएर आएको भए राम्रो हुन्थ्यो । यस कुरामा हामीले विशेष सल्लाह र सुझाव पनि विधायन समितिमा दिएका थियौं र अहिले पनि हामीले दफावार छलफलमा राख्छौं र यही कुरा भन्दै म आफ्नो भनाई यही टुङ्ग्याउँछु हवस् त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुखज्यू, स्थानीय तहको पदाधिकारी एवम् सदस्यले पाउने सुविधाको सन्दर्भमा हामीले विधेयकको नाम गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका पदाधिकारी एवम् सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक भनेर ल्याएका छौं । यो विधेयकको सन्दर्भमा दफावार छलफलको क्रममा पनि माननीय सदस्यहरूले राख्नु भयो त्यसभन्दा अगाडि पनि विभिन्न सन्दर्भमा हामी निकै पेचिलो बहसबाट यो ठाउँमा आइपुगेका छौं । मुख्य कुरा यो हाम्रो प्रदेश सभाको सम्मानित सभाको जिम्मेवारी हो । कि स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन यो सम्मानित सभाले बनाउँदछ ।

त्यो हाम्रो जिम्मेवारी त्यो हाम्रो कर्तव्य भएकोले यो कर्तव्य निर्वाह गर्न हामी तयार हुनै पर्थ्यो हिजो पनि हामीले यो कर्तव्य निर्वाह गरेका हौं । हामीले आफ्नो जिम्मेवारी पूरा गरेका थियौं स्थानीय तहलाई कानून बनाएर उहाँहरूले प्राप्न गर्ने सेवा सुविधाबारेमा व्यवस्था गरेका थियौं तर हामीले त्यसलाई सुविधा नै भन्यौं तर त्यो सुविधा हामीले सुविधा भन्दा भन्दै पनि त्यसको पारिश्रमिकको अर्थ लाग्ने भएको हुनाले भनेर परिभाषित गरेको छ सर्वोच्चले कि मासिक सुविधा पनि त्यो पारिश्रमिक सरह नै हुने र त्यो अमान्य हुने भनेर २०७६ साल कार्तिक १ गते त्यो फैसला गरिसकेपछि त्यसलाई अमान्य गरिसकेपछि र त्यही फैसलामा मासिक सुविधा दिन त नमिल्ने तर पदाधिकारी वा सदस्यले निर्वाह गरेको निर्वाह गर्नुपर्ने भूमिकालाई ध्यानमा राखेर सुविधा दिन सकिने भन्ने उल्लेख गरेका कारणले हामीले पदाधिकारी एवम् सदस्यहरूले निर्वाह गर्नुपर्ने भूमिकाहरू के–के हुन् त भन्ने कुरा पहिल्याएर त्यही अनुसार यहाँ सुविधाको व्यवस्था गरेर यो विधयेक ल्यायौं तर यो विधेयक ल्याइरहँदा पहिलो कुरो त यो प्रदेश सरकाले नै ल्याउन ढिलो गर्‍यो भनियो ।

मैले यस बारेमा जवाफ दिइ सक्या छु । सर्वोच्च अदालतले पैmसला त गर्‍यो तर त्यसको पूरा पाठ पाउनलाई हामीलाई समय लायो त्यसले गर्दा पनि अलिकति ढिलो भयो र अर्को कुरा यो अन्य प्रदेशहरूले पनि के कस्तो व्यवस्था गरिराखेका छन् त्यो कुरा पनि बुझ्दै यसलाई अब व्यवस्थित ढंगले ल्याउनु पर्ने भएका कारणले समय लाग्यो । तर पनि हामीले यो सदन शुरु हुनु भन्दा अगावै यो विधेयक सदनमा दर्ता गरेका थियौं र हामीले शुरुमै यो सदन शुरु भएकै दिन पनि पेश गर्न सक्ने स्थित त थियो तर छलफल के बन्यो भने, यो बजेट अधिवेशन हो र यो बजेट अधिवेशनमा शुरुमै सेवा सुविधासम्बन्धी विधेयक ल्याउँदा अर्को अर्थ जान सक्छ भन्ने विषय उठ्या हुनाले ठिकै छ, एउटा दुईटा विधेयक अगाडि बढिसकेपछि यो विधेयक ल्याऊ भन्दा पनि पर्खन पर्‍यो केही समय त्यसले पनि पर्खनु पर्‍यो त्यो कुरा मैले अगाडि पनि स्पष्ट पार्या थिए र पनि अब त्यति हुँदाहुँदै पनि के लागिराख्या थियो भने यो विधेयक टेवल हुनै अझै  समय लाग्ने हो कि, जुन बहस बनिराख्या थियो जुन बहस पेचिलो बनिराखेको थियो मैले शुरुमै पेचिलो बनेको भनेर राखे त्यो बहसले कतै या विधेयक यही सदनमा, यही अधिवेशनमा पारित नहुने पो हो कि भन्ने आशंका पनि जन्मेको थियो र पनि खुसी लागेको छ ।

मैले यहाँ धेरै चर्चा गर्न चाहिन किनकि यसको बारेमा जवाफ दिइसक्या हुनाले पहिल्यै पनि । यो पेचिलो बहसका बीचबाट हामी सहमतिमा आइपुगेका छौं । यसको निम्ति विधायन समिति, मुख्यत विधायन समितिलाई म हार्दिक धन्यवाद दिन चाहन्छु अब विधायन समितिमा आइसकेपछि पनि अलि बहस भयो र बहस दुईटा विषयमा केन्द्रित थियो । सरकारले यहाँ अगाडि माननीयज्यूहरूले पनि राख्नुभयो । सरकारले मर्यादाक्रमलाई ध्यान दिँदै आवश्यकतालाई पनि अझ यसो भन्दा हुन्छ मर्यादाक्रमलाई जोड दिँदै आवश्यकतालाई पनि ध्यान दिएर यो ल्याएको हो, यो विधेयक ल्याएको हो तर आवश्यकतालाई पनि ध्यान दिनु पर्‍यो ।

खास गरी कार्यकारिणी भूमिकामा रहनु भएका पदाधिकारी एवम् सदस्यहरूको त्यो उहाँहरूको कामको चाप, त्यो कामको चापलाई पनि ध्यान दिएर यी सुविधाहरूलाई

व्यवस्थित गर्नुपर्छ भन्ने नै अब सरकारको प्रस्ताव थियो र मर्यादाक्रमलाई त ध्यान दिएकै थियो तर यो २ बटा कोडबाट अलि बढी बहस भयो आवश्यकतालाई बढी जोड दिएर गर्ने कि मर्यादाक्रमलाई भन्ने कुरालाई निकै लामो बहस भएपछि अब हुन त यहाँ फेरि एउटालाई मात्रै जोड दिएको एउटालाई पूरै छोडेको त छैन दुइटैलाई सम्भव भएसम्म त समेटेको छ तर पनि अली बढी यो मर्यादाक्रमलाई जोड दिएर यो आएको छ । र पनि यसमा पनि एउटा सहमति भयो खुसी लागेको छ । त्यो सहमति के भन्दा खेरी अब प्रदेश सभाका माननीय सदस्यहरूको भन्दा घटि हुँनै पर्ने कि बढी हुन नहुने यसरी पनि बहस आयो क्या, यहाँ जानकारी गराउन पर्छ भनेर जानकारी गराए ।

घटी हुनै पर्ने र बढी हुन नहुने भनेपछि यी दुईटामा कुन उपयुक्त भयो भन्दा बढी हुन नहुने भन्नेमा मिल्न सकिन्छ भनेर बढी हुन नहुनेमा मिलाएर त्यो सम्बन्धमा पनि खास गरी इन्धन, भ्रमण भत्ताको सन्दर्भमा यसरी मिलेर यो सहमतिका साथ विधायन समितिबाट यहाँ आयो । त्यति हुँदाहुँदै पनि अब माननीय सदस्य पियारी थापाज्यूले दोहोरो सुविधाको सम्बन्धमा उठाउनु भएको थियो त्यसबारेमा हामीले प्रतिवेदन विधायन समितिको प्रतिवेदनमा उल्लेख भाको छ । त्यसबारेमा मैले थप कुरा भन्न चाहिन र माननीयज्यूहरू चाहीँ संशोधन प्रस्ताव दर्ता गर्नु भएका माननीय कुमार खड्काज्यूले यहाँ राखिसक्नु भएको छ जे विषय उठाउनु भयो खास गरी दफा १३ उपदफा २ र दफा १८ को सन्दर्भमा दफा १३ उपदफा २ बैंकको सन्दर्भमा सबै ठाउँमा बैंक पुगेका छैनन् । सबै पालिकामा बैंक पुगेका छैनन् ।

त्यसकारण यसका बारेमा बैंकमा खाता खोल्न अनिवार्य गर्ने कुरा सबै ठाउँमा लागु नुहन सक्छ अर्थात केही पालिकामा बैंक नपुगेका कारणले त्यहाँ समस्या पर्न सक्छ भन्ने कुरा थियो । र त्यो कुरामा त्यस्ता ठाउँलाई जहाँ बैंक पुगेको छैन त्यललाई सह जगर्ने भन्ने बारेमा राख्नु भएको छ र त्यसै गरेर सर्वोच्च अदातलको फैसला मुताबिक भनेर त्यहाँ थप्नुपर्ने भन्ने दफा १८ मा भन्ने थियो । अब त्यसलाई हामीले द्रष्टव्यमा राखौंला । संविधान पनि कानून पनि विभिन्न बेला समयमा संशोधन हुने

गर्दछन् । त्यो संशोधनको मिति द्रष्टव्यमा राख्ने गरिन्छ । यति मितिमा संशोधन भएको अर्थात त्यो राख्ने चलन हामीले देखेको हुनाले त्यसरी नै जाऊ र दफा १८ मा सर्वोच्च अदालतको फैसला मुताविक भन्ने कुरा उल्लेख नगरौं त्यसलाई द्रष्टव्यमा उल्लेख गरौं भन्ने कुरा त्यहाँ छलफल भाथ्यो त्यही कुरा उहाँले प्रतिवेदनमा विधायन समितिको प्रतिवेदना छुटेको कारणले उहाँले उठाउनु भयो त्यो उहाँले उठाएको विषयलाई म स्वीकार गर्न चाहन्छु र यो एउटा परिस्थितिबाट एउटा सहज परिस्थितिमा, एउटा पेचिलो परिस्थितिबाट एउटा सहज परिस्थितिमा आएर स्थानीय तहको सेवा सुविधा सम्बन्धी विधेयक सर्वसम्मत पारित हुने स्थितिमा आइपुगेकोले छलफलमा सहभागी माननीय सदस्यहरूलाई सभामुखमार्फत हार्दिक धन्यवाद दिएर विदा हुन्छु हवस धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू अब यो छलफल यहीं समाप्त हुन्छ । अब म गाउँ सभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधाको व्यवस्था गर्न गरेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि ७ सम्म उल्लेखित संशोधनमा माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा स्वीकार गरेका विषयहरूसमेतलाई निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।हुन्न भन्ने आवाज सुनिएन तसर्थ गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि ७ सम्म र उल्लेखित संशोधन माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानले छलफलमा उठेका प्रश्नको जवाफ

दिने क्रममा स्वीकार गरेका विषयहरूसमेत सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि ७ सम्म उल्लेखित संशोधन र माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानले छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रममा स्वीकार गरेका विषयहरूसमेतलाई गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि ७ सम्म र उल्लेखित संशोधन र माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानले छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रममा स्वीकार गरेका विषयहरूसमेत सर्वसम्मतिले गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको १ देखि १८ र अनुसूची ग सम्म गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा १ देखि १८ र अनुसूची ग सम्म सर्वसम्मतिले गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।माननीय सदस्यहरू अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

प्रस्तावना

गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यको सुविधासम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई समयानुकुल बनाउन वान्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ

ज्ञ। यस ऐनको नाम गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन – २०७६ रहेको छ ।

द्द। यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम, गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असार १८ गते बसेको बैठकमा प्रस्तुत भई मिति २०७७ साल असार १९ गते दफाबार छलफलका लागि विधायन समितिमा पठाइएकोमा समितिबाट प्रतिवेदनसहित गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकाले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७७ साल असार २८ गते दिनको १ बजेसम्मको लागि स्थागित हुन्छ ।